म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ८२ सोमबार १२ कात्तिक २०८१ ने. सं. ११४४ कौलागा 28 October 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडामा हतियार देखाएर लुटपाट गर्ने दुईजना पक्राउ

हेटौंडा, ११ कात्तिक/हेटौंडा उपमहानगरपालिकामा धारिलो हतियार खुकुरी देखाई लुटपाट गर्ने दुई जनालाई मकवानपुर प्रहरीले शनिबार पक्राउ गरेको छ । पक्राउ पर्नेमा हेटौंडा उपमहानगरपालिका-११ बस्ने वर्ष २० को असमिन चौलगाई र वर्ष २० को अनिस चौलगाई रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्याम अर्यालले जानकारी दिए । उनीहरुलाई अस्थायी प्रहरी पोष्ट हेटौंडा-११ थानाभन्ज्याङबाट खटिएको प्रहरीटोलीले हेटौंडा उपमहानगरपालिका-११, थानाभन्ज्याङस्थित राप्तीखोलाको बगरबाट पक्राउ गरेको हो । प्रहरी नायवउपरीक्षक अर्यालका अनुसार, बकैया गाउँपालिका-४ बस्ने वर्ष २० को मनिष फुँयाल र वर्ष २४ को सुजन पौडेलको १ तोलाको सुनको सिक्री लुटपाट गरेको अभियोगमा उनीहरुलाई पक्राउ गरिएको हो । पक्राउ परेका उनीहरुलाई चोरी तथा डाँकासम्बन्धी कसुर मुद्दामा मकवानपुर जिल्ला अदालतबाट ४ दिनको म्याद अनुमति लिई घटनाको बारेमा आवश्यक अनुसन्धान भइरहेको प्रहरी नायवउपरीक्षक भण्डारीले बताए ।

# बागमती प्रदेश कृषि विधेयकमै 'छिद्र', अनुदान बितरणप्रति उदार

साझाकुरा संवाददाता

हेटौंडा, ११ कात्तिक/ कृषिप्रधान मुलुकका जनप्रतिनिधिको कृषि क्षेत्रमा उदासिनता रहेको पाइएको छ । बागमती प्रदेश सरकारले प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा अनुदान बितरण गर्ने जस्तो संवेदनशील विषयमा बढी उदारबादी देखिएको हो ।

विधेयकमा गम्भीर त्रुटी भेटिएपछि बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले प्रदेशसभामा विधेयक पुनर्विचारका लागि फिर्ता गरेका छन् । देवकोटाले प्रदेशसभाको ७ असोजमा बसेको बैठकले पारित गरेका दुईवटा विधेयक प्रमाणीकरण गर्दा कृषि विधेयक फिर्ता पठाएका हुन् । प्रदेशसभाको शिक्षा, स्वास्थ्य तथा कृषि समितिको गत भदौ १४ मा बसेको बैठकबाट पारित कृषि विधेयकलाई ७ असोजको प्रदेशसभा बैठकले पास गरेर प्रमाणीकरणका लागि प्रदेशप्रमुखको कार्यालयमा पठाइएको थियो ।

प्रदेशप्रमुख देवकोटाले विधेयकको दफा १४, १५, २१, २२, २७ र २९ मा गम्भीर त्रुटी रहेको भन्दै सभामुख भुवनकुमार पाठकलाई सन्देशसहित विधेयक फिर्ता गरेका हुन् । कृषि विधेयकलाई प्रदेश मन्त्रिपरिषद्ले २०८० भदौ ५ मा प्रदेशसभामा पेश गर्ने निर्णय गरेको थियो । यो विधेयक प्रदेशसभाको कृषि समितिमा करिव एक वर्ष प्राथमिकतामा नपरेकै कारण थन्किएको थियो । कृषिक्षेत्रमा अनुदान वितरण गर्ने जस्तो दीर्घकालीन असर गर्ने गम्भीर विषयमा बनाइएको विधेयक झारा टार्ने गरी ल्याइएको हो ।

विधेयकको मस्यौदा निर्माण गर्दा नै मन्त्रालयले लापरबाही गरेको पाइएको हो । तत्कालीन आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ, मुख्यन्यायाधिवक्ता ज्ञानेन्द्र नेपाल सहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानुन मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र कृषि मन्त्रालयका अधिकारीहरु सहभागी एक पटकको छलफलबाट विधेयक मन्त्रिपरिषद् लगेको कानुन शाखाको अभिलेखमा छ ।

प्रदेशसभा सदस्यले छलफल गरेर अन्तिम रुप दिइएको विधेयकमा सम्बन्धित निकायले कुनैपनि जोखिम नलिने गरी कानुन बनाउन खोजिएको छ । राज्यको ढुकुटी दुरुपयोग हुनसक्ने गरी विधेयकमा छिद्र राखिएको छ । कानुनलाई आफ्नो अनूकुल प्रयोग गर्न मिल्ने गरी तीनवटा निकायले अनुदान मनपरी ढङ्गले बाँड्नसक्ने छिद्र राखेर विधेयक बनेको हो । विगतका दिनमा अनुदान वितरण गर्दा वास्तविक किसानले पाउन नसक्ने तर, पहुँचवाला नक्कली किसानले सजिलै लिन सक्ने कानुन बनेको भन्दै किसानले चर्को विरोध गर्दै आएका थिए ।




कृषिसँग सम्बन्धित सरोकारवाला निकाय, कृषि विज्ञ, किसानसँग कुनै सरोकार नराखी प्रदेश सरकारका सीमित अधिकारीहरुले तयार गरेको मस्यौदा सिधै प्रदेशसभा पठाइएको थियो । प्रदेशसभाका कानुन अधिकृत गुप्ता एउटा विधेयक तयार हुन विज्ञ, सम्बन्धित निकायका व्यक्तिहरुको राय लिएर करिब ६ महिना लाग्ने बताउँछन् । गुप्ताले कृषि विधेयकको अवस्था हेर्दा नाजुक अवस्थामा रहेको पाइएको सुनाए ।

प्रदेश सरकारले एक वर्षअघि नै तयार गरेको कृषि विधेयकको दफा १४, १५ मा कृषि सेवा टेवा र बीउपूँजी उपलब्ध गराउने सम्बन्धी व्यवस्थाले अनुदान तीनवटा निकायबाट वितरण गर्न सकिने खुकुलो बनाएको छ । जब की, अनुदानलाई एकद्वार प्रणालीबाट वितरण गनुपर्ने वास्तविक किसान र कृषिविज्ञले बहस गर्दै आएका छन् । विधेयकको दफा १४ ले मन्त्रालय वा कार्यालयले कृषिउपज उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण र निर्यात प्रवर्द्धनमा सहयोग गर्न सेवा टेवा उपलब्ध गराउने उल्लेख छ । दफा १५ ले कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्रदेश सरकारले ऐन बमोजिम सूचिकृत किसानलाई बीउपूँजी उपलब्ध गराउने उल्लेख छ ।

अनुदान दुरुपयोग भइरहेका कारण एकद्वार प्रणालीबाट अनुदान वितरण हुनुपर्ने आवाज उठिरहेका बेला कृषि मन्त्रालयले अनुदान बाँडफाँडमा थप जटिलता उत्पन्न हुने गरी विधेयक ल्याएको प्रदेश सरकारका कानुन अधिकृतहरु नै बताउँछन् । विधेयकले एउटै प्रकृतिको अनुदान प्रदेश सरकार, मन्त्रिपरिषद्, मन्त्रालय र कार्यालयले बाँड्न सक्ने गरी व्यवस्था गरेको कानुनी दृष्टिले अमिल्दो रहेको प्रदेशसभाका कानुन अधिकृत मनोज गुप्ताले बताए । नीतिनियम बनाउने मन्त्रालयले कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयको अधिकार नै खोस्ने गरी विधेयक ल्याएको दाबी गरे । विधेयकमा उल्लेख गरिएको बीउपूँजी वितरण प्रदेश सरकार अर्थात मन्त्रिपरिषद्ले गर्ने व्यवस्था आफैंमा त्रुटीपूर्ण रहेको गुप्ता बताउँछन् ।

नीति, नियम बनाउने र नियमन गर्नुपर्ने निकायले अनुदान वितरण गर्दा निर्णयउपर उजुरी र पुनरावेदन गर्ने ठाउँ नै नहुने अवस्था विधेयकले सिर्जना गर्न खोजेको प्रदेशप्रमुख कार्यालयका कानुन अधिकृत प्रकाश चापागाईंले बताए । दफा १४ ले मन्त्रालय वा कार्यालय तथा दफा १५ ले प्रदेश सरकार अर्थात मन्त्रिपरषद्ले बीउपूँजी दिने कार्य अमिल्दो र मन्त्रिपरिषदले मन्त्रालयले बनाएको कार्यविधि र मापदण्डमा टेकेर कार्य गर्ने व्यवस्था त्रुटीपूर्ण रहेको ठम्याई प्रदेशप्रमुख देवकोटाको छ । देवकोटाले प्रदेश सरकार, मन्त्रिपरिषद् र मन्त्रालय अनुदान वितरणमा प्रत्यक्ष संलग्न नभई नीति निर्माणमा सक्रिय हुने गरी विधेयक परिमार्जन उपयुक्त हुने सन्देश सभामुखमार्फत् प्रदेशसभालाई पठाएका हुन् ।

यसैगरी, विधेयकको सजायसम्बन्धी व्यवस्था दफा १५ को व्यवस्थासँग अमिल्दो रहेको ठम्याई प्रदेशप्रमुख देवकोटाको छ । सजाय सम्बन्धी व्यवस्थामा दफा १४ र १५ बमोजिम मन्त्रालय वा मातहतको कार्यालयबाट प्रदान गरिने सेवा टेवा र बीउपूँजीवापतको रकम जुन प्रयोजनको लागि प्रदान गरिएको हो सोही बमोजिम खर्च नगरेमा वा त्यस्तो रकम जुनसुकै तरिकाले दुरुपयोग गरेमा कार्यालयले असुलउपर गरी बिगो बराबरको जरिवाना समेत गरिने उल्लेख छ ।

सजायसम्बन्धी व्यवस्था अन्तर्गत् बीउपूँजी उपलब्ध गराउने कार्यसमेत मन्त्रालय वा मन्त्रालय मातहत गरिने उल्लेख हुनु दफा १५ सँग अमिल्दो रहेको छ । दफा १५ मा बीउपूँजी प्रदेश सरकारले उपलब्ध गराउने भने पनि दफा २७ को सजायसम्बन्धी व्यवस्थामा मन्त्रालय वा कार्यालय मात्रै उल्लेख छ । प्रदेश सरकार अर्थात मन्त्रिपरिषद्बाट हुने निर्णयमा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित कार्यालयको प्रमुखले सजाय गर्ने व्यवस्था गरिएको छ । यस्तै, मन्त्रालयले दिएको अनुदानमा मन्त्रालयकै सचिवले र कार्यालयले दिएको अनुदानमा कार्यालयप्रमुख नै सजाय गर्ने अधिकारी हुने व्यवस्था उपयुक्त नभएको प्रदेशप्रमुखको विधेयक फिर्तासम्बन्धी सन्देशमा भनिएको छ ।

पुनरावेदन मन्त्रालयको सचिव समक्ष गरिने व्यवस्था गरिएको छ । सजाय गर्ने अधिकारी सम्बन्धित कार्यालय प्रमुख उल्लेख छ । तर, त्यस्तो सेवा मन्त्रालयले उपलब्ध गराएमा मन्त्रालयको सचिव नै सजाय गर्ने अधिकारी हुने हुँदा दफा २९ बमोजिम मन्त्रालयको सचिवसमक्ष नै पुनरावेदन गर्ने व्यवस्था गरेको देखिएको हो । जसले सजाय गर्दछ, पुनरावेदन पनि त्यही अधिकारीसँग गर्नुपर्ने व्यवस्था प्राकृतिक न्यायको सिद्धान्त विपरित हुने प्रदेशप्रमुख देवकोटाले सन्देशमा भनेका छन् । उनले सजाय गर्ने र पुनरावेदन सुन्ने अधिकारी फरकफरक हुने व्यवस्थाका लागि सुझावसमेत दिए ।

विधेयकको दफा २१ मा खाद्यपरिषद् गठनसम्बन्धी व्यवस्था माथि पनि प्रदेशप्रमुख देवकोटाले प्रश्न उठाएका छन् । नागरिकको खाद्यअधिकार, खाद्यसुरक्षा तथा खाद्यसम्प्रुभतासम्बन्धी अधिकारको संरक्षण, प्रवर्द्धन तथा परिपूर्तिसम्बन्धी कार्यलाई व्यवस्थित गर्न प्रदेश खाद्यपरिषद् रहने विधेयकले व्यवस्था गरेको छ ।

परिषद्को गठनसँगै काम, कर्तव्य र अधिकारबारे विधेयकले बोलेको छ । विधेयकमा परिषद्को बैठक वर्षमा कतिवटा रहने, बैठकको विधि र अखितयारी, बैठकको गणपुरक संख्या कति हुने, निर्णय प्रमाणित कुन पदाधिकारीबाट हुने, मनोनित सदस्यको पदमुक्त हुने अवस्था लगायतका अत्यावश्यक विषय समेटिएको छैन ।

क्रमश: पृष्ठ-४...

# बागमती प्रदेशप्रमुख देवकोटालाई अख्तियारको प्रतिवेदन



साझाकुरा संवाददाता

हेटौंडा, ११ कात्तिक/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बागमती प्रदेशका प्रदेशप्रमुख दीपकप्रसाद देवकोटासमक्ष वार्षिक प्रतिवेदन पेश गरेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यालय हेटौंडाका प्रमुख उमाकान्त आचार्यले आइतबार प्रदेशप्रमुखको कार्यालयमा पुगेर प्रमुख देवकोटालाई प्रतिवेदन पेश गरेका हुन् । अख्तियारले नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरेका काम कारबाही समेटेर तयार पारेको ३४ औं वार्षिक प्रतिवेदन पेश गरेको छ ।

प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/८१ मा आयोगमा २६ हजार ९१८ वटा नयाँ उजुरी विभिन्न माध्यमबाट प्राप्त भएका छन् । अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका ९ हजार २६८ वटा उजुरी समेत गरेर आगोगमा ३६ हजार १८६ वटा उजरी प्राप्त भएको थियो ।

आयोगको हेटौंडा कार्यालयमा बागमती प्रदेशका विभिन्न विषयका संघीय कार्यालयसँग सम्बन्धित १७९, प्रदेशका कार्यालयसँग सम्बन्धित २४५ र स्थानीय तहसँग सम्बन्धित ५२३ गरी कुल ९४७ उजुरी दर्ता भएको थियो । जसमध्ये ६९९ उजुरी फर्छ्यौंट भएका छन् । आर्थिक वर्ष २०८०/८१ मा आयोगबाट दायर भएका २०१ मुद्दामध्ये सबैभन्दा बढी ५८ मुद्दा गैरकानुनी लाभ हानिसम्बन्धी रहेका छन् भने घुस रिसवतसम्बन्धी ४८ वटा मुद्दा रहेका छन् ।

गत आर्थिक वर्ष २०८०/८१ मा प्राप्त ३६ हजार १८६ उजुरीमध्ये २७ हजार ७१४ (७६.५९ प्रतिशत) उजुरी स्क्रिनिङ र प्रारम्भिक छानबीनबाट फर्छ्यौंट भएको आयोगको प्रतिवेदनमा उल्लेख छ । फर्छ्यौंट गरेका उजुरीमध्ये १३ हजार ५०० वटा उजुरी आयोगको क्षेत्राधिकारभित्र नपरेका, गोलमटोल प्रकृतिका, हैरानी वा दु:ख दिने नियतका र कुनै तथ्यप्रमाण बिनाका ज्यादै सामान्य प्रकृतिका तामेली गरिएको प्रतिवदनमा समावेश गरिएको छ ।

आयोगबाट ९३२ वटा उजुरीउपर विस्तृत अनुसन्धान गर्ने निर्णय गरिएको छ । ४९६ उजुरीउपर सुझाव दिई तामेली गरिएको र १२,७८६ उजुरीउपर कानुन बमोजिम अन्य आवश्यक कारबाही गरिएको छ । प्रारम्भिक छानबीनको क्रममा रही फर्छ्यौंट हुन बाँकी रहेका ८ हजार ४७२ उजुरी आगामी आर्थिक वर्ष २०८१/८२ मा सरेको छ । आयोगको हेटौंडा कार्यालयले मात्र आर्थिक वर्ष २०७९/८० बाट जिम्मेवारी सरेर आएका समेत कूल ३ हजार १५३ वटा उजुरीमध्ये २ हजार २४२ (७१.११ प्रतिशत) उजुरी फर्छ्यौंट गरेको छ ।


## आकर्षक जग्गा बिक्रीमा

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

**सम्पर्क नं. ९८४५४६१०३४**

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# एकल प्रयासमा फेरिएको गाउँ

चितवनको भरतपुर महानगरपालिका-२४ जगतपुरको नयाँबस्तीलाई मकवानपुरको हाँडीखोलाका एकजना किसानले सहजै परिवर्तन गरेका छन् । एकजनाको प्रयासमा पनि गाउँको मुहार फेर्न सकिने रहेछ भन्ने कुरा प्रमाणित गरेका छन् । तर, अहिले मुलुकमा राजनीतिक अस्थिरताले समाज अराजक बन्दै गएको अवस्था छ । काम गर्ने भन्दा पनि राज्यको ढुकुटी रित्याउने खेलमा नेतृत्व बर्ग तल्लीन रहेको देखिन्छ । सामान्य किसान कान्छा मल्लले नेतृत्व गरेको केरुङ्गा सामूहिक तरकारी खेती तथा कृषि तालिम केन्द्रले गाउँको मुहार परिवर्तन गरेको हो । २०७६ मा कान्छा मल्लको योजनामा ९३ जना शेयरसदस्य भएर केरुङ्गा तरकारी खेती समूह गठन गरिएको हो । ९३ जना शेयरसदस्य रहेता पनि संस्था मल्लकै योजना र मिहेनतमा अडिएको छ । अहिले त्यो समूहको सम्पति ५ करोड भन्दा बढी पुगेको छ । यहाँ उत्पादित तरकारी काठमाडौं, पोखरा, हेटौंडा, बीरगञ्जदेखि बुटवलसम्म पुग्छ । २०५८ सालसम्म फाट्टफुट्ट घर भएको जगतपुरको नयाँबस्ती अहिले भरतपुर महानगरको तरकारीको 'हब' बनेको छ । जगतपुरको नयाँबस्तीलाई तरकारी पकेटक्षेत्र बनाउने मुख्यपात्र मल्ल नै हुन् । उनलाई यहाँ 'किसान नेता'का रुपमा सम्बोधन गरिन्छ । किसान नेताको परिचयले उनी वडाअध्यक्ष भए ।

मल्लले २०५८ पछि गाउँलाई नै तरकारी खेती गराउन सिकाएको जगतपुरका किसान बताउँछन् । मल्लदाइ यहाँ नआएको भए सायद यो ठाउँ अहिलेसम्म पनि तरकारी उत्पादनको केन्द्र हुँदैनथ्यो होला, उनको मेहनतको कारण अहिले यहाँको मानिसको जीवनस्तरमा ठूलै परिवर्तन आएको भन्ने कुरा सबैले एकैस्वरमा भन्ने गरेका छन् । समग्रमा भरतपुर जस्तो सुगम र विकसित महानगरको नयाँबस्तीक्षेत्र तरकारी किसानको राजधानी हो । यहाँको तरकारी सयौंको भान्सामा प्रत्येक दिन पाकिरहेको छ । यो सफलताको एउटै पात्र मल्ल मकवानपुरको तत्कालीन हाँडीखोला गाविसको भुन्द्रुङ (हालको मनहरी गाउँपालिका-३) का किसान हुन् । २०४५ सालबाट मकवानपुरको तरकारीको हब मानिने हाँडीखोलामा व्यावसायिक तरकारी खेती गरेर बचेको नाफाले उनले भरतपुरको नयाँबस्तीमा ४८ कट्ठा जग्गा किनेका थिए । झाडी भएपनि यहाँ पानीको व्यवस्थापन भयो भने तरकारी खेती गर्न सकिन्छ भन्ने अनुमान गरेका मल्लले जग्गा जोडेका हुन् । उनी हाँडीखोलाबाट नयाँबस्तीमा जानुको अर्को कारण थियो त्यो क्षेत्रमा मकवानपुरको हर्नामाडी र हटियालगायत क्षेत्रबाट स्थानान्तरण भएको ५७६ घरधुरी बस्ती पनि त्यहीँ पुगेको थियो । २०३२ सालतिर वनक्षेत्रमा रहेको हटिया र हर्नाका ५७६ घरधुरीलाई सरकारले नयाँबस्ती आसपासको क्षेत्रमा स्थानान्तरण गरेको थियो । चारैतिर रुखो झाडी, केही तिल र तोरीको मात्र उत्पादन हुने नयाँबस्ती क्षेत्रमा अहिले जतातत्तै विभिन्न हरिया तरकारी देख्न सकिन्छ । यहाँका मनिस आफ्नो तरकारी बारीमा मेहनतको साथमा काम गरिरहेका भेटिन्छन् । उनीहरुलाई वर्षको १२ महिना सिजनल तरकारी रोप्ने, गोडमेल गर्ने र बजारसम्म लग्नेको चटारो हुन्छ । नयाँबस्तीमा अचेल दिनमा दर्जनौ गाडी तरकारी ओसारपसारमा व्यस्त हुन्छन् । हाँडीखोलामा तरकारी उत्पादन गर्दागर्दै उनी २०५८ मा स्थायीरुपमा नयाँबस्ती सरे र सुरु गरे तरकारी खेतीको अभियान । यही अभियानले उनलाई २०७४ सालको वडाअध्यक्ष पनि बनायो । मल्ल २०७४ मा २४ नम्बर वडाको वडाध्यक्ष विजयी भए । उनलाई किसान नेताको रुपमा यहाँका स्थानीयले चिन्छन् ।

कान्छाले मकवानपुर हाँडीखोलाबाट यहाँ आएर आफ्नो ३२ कट्ठा जमिनमा तरकारी व्यवसाय सुरु गरे । आफैंले सामान्य पानीको बोरिङ गरेर उनले झाडीमात्र रहेको रुखो जमिनलाई फाँडेर मलिलो बनाए र तरकारी फलाए । उनी त्यतिकै रोकिएनन् । तरकारी खेती गर्ने किसान बढ्न थालेपछि अब तरकारीको बजारलाई व्यवस्थित गर्नुपर्छ भन्ने सोचको साथ उनले केरुङ ताजा तरकारी सहकारी स्थापना गरे र त्यसैमार्फत् तरकारी किसानको बचत र बजारीकरणको लागि सहज स्थितिको निर्माण गरिदिए । त्यतिबेलासम्म मल्ललाई यो क्षेत्रमा किसान नेताको रुपमा चिन्न थालिसकेको थियो । आफैं पनि मेहनत गर्ने र अरुलाई पनि मेहनत गर्न सिकाउने मल्लले हालको भरतपुरको २३ र २४ नम्बर वडालाई तरकारी केन्द्रको रुपमा स्थापित गरेरै छाडे । सामूहिक तरकारी फर्मले यसबीचमा १३ कट्ठा आफ्नै जमिन जोडेको र प्रदेश, स्थानीय सरकारको ५० प्रतिशत लगानीमा कार्यालय भवन, स्टोर घर निर्माण गरेको छ । सामूहिक फर्मको माध्यमले यहाँका दर्जनौ मानिसले रोजगारी समेत पाएका छन् । फर्मले अहिले आफ्नै निजी ढुवानी सवारीसमेत किनिसकेको र पाँचवटा बोरिङ बनाएको छ । तरकारी उत्पादन र प्रवर्द्धनमा बागमती प्रदेश सरकार, भरतपुर महानगरपालिका, कृषि कार्यालय, ज्ञानकेन्द्र, स्थानीय वडादेखि भूमिगत जल सिंचाई आयोजना समेतको महत्वपूर्ण सहयोग रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ कात्तिक १३ गते मंगलबार २९ अक्टोबर २०२४ । द्वादशी, कात्तिक कृष्णपक्ष । कौलागा ११४४ ने.सं. । सूर्योदय ६:१३, सूर्यास्त ५:२० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : परीक्षामा सफलता मिल्नेछ | तुला | : धर्मकर्ममा मन जानेछ |
| वृष | : पढाइमा रुचि बढ्नेछ | वृश्चिक | : नयाँ मित्रसँग भेटघाट हुनेछ |
| मिथुन | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | धनु | : अधुरो काम बन्ने सम्भावना छ |
| कर्कट | : शुभ समाचार मिल्नेछ | मकर | : मित्रहरुबाट सहयोग हुनेछ |
| सिंह | : भाग्योदयको योग छ | कुम्भ | : आफन्तबाट विरोध हुनेछ |
| कन्या | : सहयोगी हातहरु बढ्नेछ | मीन | : पेसाबाट घाटा देखिन्छ |

# संविधान संशोधनको बहसमाथिको बहस



✍डा. टीकाराम पोखरेल

संशोधनका पक्षधरहरु संविधानको कार्यान्वयनमा देखिएका जटिलतालाई फुकाउन संविधान संशोधन गरी अग्र दिशामा जानुपर्ने मत राख्छन् भने संशोधनमा विमति राख्नेहरुले संविधान संशोधनको विषयको उठानलाई नै प्रतिगमन देखिरहेका छन् । प्रतिपक्षको आशंकालाई सत्ताले चिर्न सक्नुपर्छ । संविधान संशोधनमा दुई तिहाइ चाहिने भएकाले संशोधनमा विपक्षीको संलग्नता आवश्यक छ।

नेपालको वर्तमान सविधानले एक दशक पार गर्न लाग्दा संविधान संशोधनको तीव्र बहस चलेको छ। सत्तामा गठबन्धन परिवर्तनसँगै संविधान संशोधनको विषय जोडिएकोले के-केमा संशोधन गर्न खोजिएको हो भन्ने विषयमा भने अन्यौल र आशङ्का छ। त्यसो त प्रमुख प्रतिपक्ष दलहरुले समेत संविधान संशोधनको आवश्यकता रहेको स्वीकार गरेको स्थितिमा वर्तमान संविधान संशोधन मुलुकको साझा एजेन्डा बनेको कुरामा अब दुई मत रहेन । विपक्षीको भिन्न मतलाई एकमतमा ल्याएर संविधान संशोधन गर्नु/गराउनु सरकारका लागि जटिल त छँदै छ, तर असम्भव भने छैन ।

संविधान संशोधन राष्ट्रिय एजेन्डा बने पनि मुख्य कुरा संविधान संशोधन के-के भन्ने विषयमा नै हो । पक्ष र प्रतिपक्षका मतहरु बाझिएका छन् । संविधानका विभिन्न धाराहरुमा देखिएका झीनामसिना कुरादेखि लिएर शासकीय स्वरुप, संघीयताका तह, संवैधानिक अङ्गको पुनरावलोकन, निर्वाचन प्रणाली, थ्रेसहोल्डको प्रतिशतमा थपघट समावेशीकरणको ढाँचा र व्यवस्थापिकाको स्वरुपहरुमा परिवर्तन गरिनुपर्नेसम्मका मत बहसमा आएका छन्। बहस जसरी भएका हुन्, वा दल र नेताका लागि यी अति नै ठूला विषय किन नहुन् तर नागरिकका लागि यी महत्वपूर्ण विषय होइनन्। नागरिक चासोको मुख्य विषयचाहिँ संविधानको संशोधनमा लोकतन्त्रलाई अझ कसरी बलियो बनाउन सकिन्छ भन्ने हो । किनभने जनताको सम्मत्ति सत्ता होइन, लोकतन्त्र हो । त्यसैले संविधान संशोधनको विषयलाई नागरिकको कोणबाट हेरिनुपर्छ । लोकतन्त्रमा को शासक आउँछन् वा जान्छन् त्यो महत्वपूर्ण होइन। बरु शासक कसरी सत्तामा पुग्छन् र तिनीहरुले कसरी काम गर्छन् भन्ने कुराचाहिँ महत्वपूर्ण हो।

लोकतान्त्रिक व्यवस्थामा हुनुपर्ने आधारभूत सिद्धान्त, गुण र विशेषतालाई लोकतान्त्रिक मूल्य-मान्यता भनिन्छ । नेपालको वर्तमान संविधानको सबैभन्दा अब्बल पक्ष भनेको नै लोकतान्त्रिक मूल्य-मान्यताको अनुशरण गरिनु हो । संविधानवादलाई आत्मसात् गरिनु हो । सार्वभौमसत्ता एवम् राजकीय सत्ता जनतामा निहित, कानुनको शासन, स्वतन्त्र एवम् सक्षम न्यायपालिका, जनउत्तरदायी सरकार, जनप्रतिनिधिमूलक व्यवस्थापिका, शक्तिपृथकीकरण, शक्ति सन्तुलन र नियन्त्रणको व्यवस्था, कानुनको अगाडि समानता, स्वस्थ प्रतिस्पर्धी राजनीतिक व्यवस्था, मौलिक हक तथा मानवअधिकारको प्रत्याभूति, बालिग मताधिकार र आवधिक निर्वाचन, सामाजिक सुरक्षा र सामाजिक न्यायको व्यवस्था, संवैधानिक निकायहरूको व्यवस्था, प्रेस स्वतन्त्रता, सुशासन र पारदर्शिता, उत्तरदायी प्रतिपक्षको भूमिका, संविधान संशोधनको व्यवस्थाजस्ता लोकतन्त्रका मूल्य-मान्यता संविधानवादलाई आत्मसात् गरिएको संविधानमा अनिवार्य विषय हुन्, जुन नेपालको संविधानमा छन् । यस्ता संविधानवादका अधारभूत विषय अपरिवर्तनीय हुन् ।

संविधानमा मूलरूपमा लोकतन्त्रको मर्म र भावनासँग मेल नखाने विषय राखिनुहुँदैन । त्यस्तो विषय पर्ने गरी संशोधन पनि गर्नुहुँदैन । तर प्रक्रियागत विषय संशोधन हुन सक्छन् । उदाहरणको लागि सरकार प्रमुख र राष्ट्र प्रमुखको नियुक्ति, काम र कर्तव्य, शासन प्रणाली, संवैधानिक नियुक्तिको विधि, कार्यकारिणी अधिकार, एक वा बहुसदनात्मक व्यवस्था, कानुन बन्ने प्रक्रिया आदि संशोधनीय हुन् । नेपालको सन्दर्भमा संविधानको भाग ३ को धारा २७४ मा उल्लिखित नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी यो संविधान संशोधन हुनेछैन भन्नेबाहेक सबै संशोधनीय हुन सक्छन् भन्ने देखिन्छ, तर त्यस्तो संशोधन संविधानवादको मर्म विपरीत हुनुहुँदैन । लोकतन्त्रलाई जनताको शासन भन्नु भनेकै जनताका निहित सार्वभौमसत्ता हो, जुन संविधानवादको मूल तत्व हो ।

संविधानवादलाई पूर्णरुपमा यो संविधानले स्वीकार गरेको भएर नै यो संविधानको आधारभूत र सैद्धान्तिक विषयमा दलहरुबीच हुन् वा नागरिकका बीच ठूला मतभेद छैनन् । संविधानका कार्यान्वयनका विषयमा भने नागरिकका बग्रेल्ती प्रश्न छन्, त्यो अर्को सोचनीय विषय छ । अधिकारका स्रोत जनता हुन् । सार्वभौमसत्ता जनतामा निहित छ । यो जनताको संविधान हो । संविधानवाद र प्रजातन्त्रका आधारभूत मूल्य-मान्यताहरुलाई आत्मसात् गरेको संविधान हो, तर यसमा असन्तुष्टिका स्वरहरु हुनुको अर्थ संविधानले संशोधनको बाटो खोजको हो ।

हाम्रो संविधानले अँगालेको प्रतिनिधिमूलक लोकतन्त्रमाथि आधारभूत र सैद्धान्तिक स्वीकार्य हुँदाहुँदै पनि प्रतिनिधिका जनइच्छा विपरीतका क्रियाकलापले असन्तुष्टि चुलिँदो छ। जनताले आफ्ना प्रतिनिधि छान्ने र प्रतिनिधिले सरकार बनाउने व्यवस्थामा खासगरी जनताले छानेका प्रतिनिधिहरुले नै जनताको इच्छा विपरीत काम गर्ने गरेको देखिएकोले जनताको यदाकदा प्रतिनिधिहरुप्रति नै असन्तुष्टि देखिनु स्वाभाविक हो। आफ्नो प्रतिनिधिले आफूले चाहेजस्तो सरकार नबनाउने भएकाले प्रत्यक्ष निर्वाचित कार्यकारीको बहस पनि छ । लोकतन्त्रलाई 'जनताद्वारा, जनताको लागि, जनताको शासन' भनिने तर जनप्रतिनिधिको व्यवहार यो भनाइको भावना र मर्म अनुरुप नहुने भएकाले असन्तुष्टिका छिटा अवश्य छन् । त्यसैले लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र भएकाले बहसलाई त्यसतर्फ मोड्नु आवश्यक छ।

संविधान संशोधन यति बेला अनिवार्य हो वा ऐच्छिक भन्ने बहस पनि छ । यति छिटो संविधान संशोधन किन गर्नुपर्‍यो भन्ने एउटा झीनो मत पनि छ भने अर्कातिर संविधान चलायमान दस्तावेज हुनाले समय र परिस्थिति अनुकूल संशोधन गर्नुपर्ने मतसमेत छ। संशोधनका पक्षधरहरु संविधानको कार्यान्वयनमा देखिएका जटिलतालाई फुकाउन संविधान संशोधन गरी अग्र दिशामा जानुपर्ने मत राख्छन् भने संशोधनमा विमति राख्नेहरुले संविधान संशोधनको विषयको उठानलाई नै प्रतिगमन देखिरहेका छन्। प्रतिपक्षको आशङ्कालाई सत्ताले चिर्न सक्नुपर्छ । संविधान संशोधनमा दुई तिहाइ चाहिने भएकाले संशोधनमा विपक्षीको संलग्नता आवश्यक छ ।

संविधान संशोधनमा कार्यकारी वा प्रत्यक्ष निर्वाचित कार्यपालिका, व्यवस्थापिकाको वर्तमान समावेशीय स्वरुप, अन्य निकायमा समावेशीको पुनरावलोकन, उपराष्ट्रपति, उपसभामुख, उपाध्यक्षहरुको कार्य विवरण, थ्रेसहोल्डको घटबढ, संवैधानिक निकायहरुको पुनरावलोकनजस्ता विषय सबैभन्दा बढी चर्चामा रहेका छन् । यी विषयहरु असंशोधनीय होइनन् । असंशोधनीय विषय भनेको लोकतन्त्रको मूल्य-मान्यता, संविधानवादमा आधारित संविधानका आधारभूत तत्व, मानवअधिकारको मूल्य-मान्यताको आत्मसात् मात्र हुन् । मौलिक एवम् नागरिकको मानवअधिकारको सङ्कुचन गर्ने गरी संविधान संशोधन हुन सक्तैन। तर शासन व्यवस्थासँग सम्बन्धित विषय अकाट्य होइनन् ।

संविधान संशोधनमा दल र नेताका भविष्यको सुनिश्चितताका लागि संविधान संशोधन गर्ने कि नागरिकका अधिकारको सुनिश्चितता, राजनीतिक स्थिरता र देशको समृद्धिमूलक भविष्यका लागि संविधान संशोधन गर्ने भन्नेचाहिँ यति बेलाको मुख्य बहस हुनुपर्छ । उदाहरणको लागि अहिले थ्रेसहोल्डको विषयले साना दलहरुको टाउको दुखाइ भएको छ भने समावेशीजस्ता विषय जनताले नपत्याउनेहरु जो झ्यालबाट छिरेर सत्तामा पुग्न चाहन्छन्, उनीहरुको टाउको दुखाइजस्तो देखिन्छ । तर यी दुवै विषय आमनागरिकका लागि खासै चासोका विषय होइनन् ।

अबको संविधान संशोधनले राजनीतिक स्थिरता दिन सक्नुपर्छ । संविधान स्पष्ट हुनुपर्छ, दोहोरो अर्थ लाग्ने हुनुहुँदैन। यसले नागरिकका अधिकारलाई सङ्कुचन नगरी व्यापकता दिन सक्नुपर्छ । मौलिक हकहरुमा देखिएका अस्पष्टतालाई थप मजबुत बनाउनुपर्छ । न्यायपालिकालाई स्वतन्त्रता प्रदान गरेको भए पनि त्यसको नियुक्ति प्रक्रियामा सुधार आवश्यक छ। संवैधानिक अङ्गहरुमा हुने नियुक्तिमा सुधार अपरिहार्य छ । संविधान परिवर्तनीय दस्तावेजको रुपमा संविधानले नै स्वीकार गरेको अवस्थामा देश, काल, परिस्थिति, जनचाहना र आवश्यकता अनुसार संशोधन हुनु आवश्यक छ ।

नेपालको वर्तमान संविधानले जति वर्षको यात्रा पूरा गरेको छ, त्यसलाई लोकतन्त्रको अभ्यासका हिसाबले सकारात्मक लिनुपर्दछ । छोटो समयमा लोकतन्त्रलाई संस्थागत गर्न वर्तमान संविधानले भूमिका खेलेको छ। यो सबैको साझा दस्तावेज हो तापनि केही असन्तुष्टि र असहमति देखिएका छन् । तथापि हरेक दस्तावेजमा कमी-कमजोरी रहन्छन् । नेपालको संविधान कमी-कमजोरीसहितको स्वीकार्य दस्तावेज हो । अब हरेक नागरिकले अपनत्व लिने गरी सर्वस्वीकार्य बनाएर यो दस्तावेजलाई थप पूर्ण बनाउनु आवश्यक छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# इको-एन्जाइटी : जलवायु परिवर्तनको एउटा उपेक्षित मुद्दा



✍ डा. जानुका खतिवडा

आफ्नो कार्यबाट कार्बन उत्सर्जन भएकोमा ग्लानि र अपराधबोध गर्नु, जलवायु परिवर्तनका प्रभावहरू अनुभव गरेपछि तनाव पैदा हुनु, अवसाद र चिन्ताको भावना उत्पन्न हुनु जस्ता लक्षण पनि देखिन्छन् ।

जलवायु परिवर्तन अहिले विश्वको जल्दोबल्दो समस्या हो । यसबाट हामी लगायत हाम्रा भावी सन्तति पीडित हुने कुरा निश्चित छ । जलवायु परिवर्तनको असर सामाजिक, आर्थिक, भौतिक, शारीरिक मात्र नभएर मानसिक पनि हुने कुरा सर्वविदितै छ । उदाहरणको लागि डिप्रेसन, आक्रामक र आत्महत्यामा वृद्धि हुनु आदि । तीमध्ये इको-एन्जाइटी अर्थात् पर्यावरण चिन्ता एक हो जुन धेरै मानिसमा हुने आकलन गरिएको छ ।

सन् २००८ देखि विकसित देशहरूमा जलवायु परिवर्तनको कारण उत्पन्न भएका मानसिक समस्याको बारेमा छलफल र अनुसन्धान सुरु भएको थियो । सन् २०२१ मा १० देशका १० हजार युवासँग गरेको सर्वेक्षणले लगभग ६० प्रतिशत युवा जलवायु परिवर्तनको बारेमा धेरै वा अत्यन्त चिन्तित भएको पत्ता लागेको थियो । यद्यपि नेपाल लगायत कतिपय देशहरूमा जलवायु परिवर्तनको कारण भएका मानसिक समस्याको बारेमा अध्ययन-अनुसन्धान भएका छैनन् ।

पर्यावरणीय चिन्ता भनेको जलवायु परिवर्तनका कारण उत्पन्न हुने मानसिक समस्या हो जसको कारण मानिसहरू आफ्नो भविष्यप्रति चिन्तित भइरहन्छन् । इको-एन्जाइटीलाई विभिन्न नामबाट सम्बोधन गरिए पनि यसको सार वातावरणीय परिवर्तनसँग सम्बन्धित मानसिक समस्या भनेर बुझ्दा अत्युक्ति नहोला ।

जलवायु परिवर्तनको बारेमा चिन्तित हुनु मनासिव हो भन्ने तर्क पनि भेटिन्छ । किनभने जब व्यक्ति जलवायु परिवर्तनको असर र यसले भविष्यमा निम्त्याउन सक्ने परिणामको बारेमा जागरुक हुन्छ र महसुस गर्छ तब मात्र यसको असर न्यूनीकरण गर्न प्रयास गर्न सक्छ । यस अर्थमा सबै व्यक्तिमा जलवायु परिवर्तनबारे ज्ञान र न्यूनीकरणको लागि सचेत हुनु आवश्यक छ ।

यद्यपि उक्त चिन्ता लामो समयसम्म रहनु र व्यक्तिको दैनिक जीवन र उसले गर्नुपर्ने क्रियाकलापमा वाधा उत्पन्न हुन्छ भने उक्त चिन्ता मानसिक समस्या बन्न जान्छ जसलाई इको-एन्जाइटी भनिन्छ ।

इको-एन्जाइटी विभिन्न उमेर, जातजाति, पेशा, समुदायमा भिन्न-भिन्न स्वरूपले देखिन सक्छ । जुन सामान्यदेखि जटिल पनि हुन सक्छ । जस्तै किसान अर्थात् कृषि पेशा गर्ने मानिसलाई समयमा पानी नपर्दा उत्पादन कम हुने डर, कहिलेकाहीं धेरै पानी परेर फसल नाश हुने डर त कहिलेकाहीं प्राकृतिक प्रकोपको कारण उब्जनीमा ह्रास हुने आदि ।

कलकारखानामा काम गर्नेको हकमा आफूले हरित ग्याँस उत्सर्जन गर्न सहयोग पुर्‍याएकोमा लज्जा, हीनताबोध र अपराधबोधको कारण मानसिक समस्या उत्पन्न हुनसक्छ । इको-एन्जाइटी आदिवासी र जनजातिमा धेरै संख्यामा हुने कुरा विभिन्न अध्ययन र अनुसन्धानले देखाएका छन् ।

जलवायुमा आएको परिवर्तनसँगै तापक्रममा वृद्धि, खडेरी, अतिवृष्टि, बाढी-पहिरो आदि प्रकोपहरू पनि बढ्ने हुनाले यसको प्रत्यक्ष र अप्रत्यक्ष असर सम्बन्धित सबै प्रजातिहरूमा पर्दछ । यस्ता प्रकोपबाट कृषिमा आधारित समुदायको जीवन र मानसिक स्वास्थ्यमा अन्य समुदायभन्दा बढी प्रतिकूल प्रभाव पर्न सक्छ ।

त्यसैगरी इको-एन्जाइटी युवा पिंढीमा अधिक मात्रामा देखिन सक्छ । किनकि स्वभावैले धैर्य र स्थिरता कम हुने उमेर समूहका युवा पुस्ताहरू इको-एन्जाइटीको कारण भविष्यप्रति अझ निराशावादी हुने, आफूले गर्न सक्ने र क्षमता अनुसारको क्रियाकलाप पनि नगर्ने, निष्क्रिय भएर बस्ने र आफू र आफ्नो परिवारको बारेमा अत्यधिक चिन्तित हुने आदि हुन सक्छ ।

जसले व्यक्ति, परिवार, समुदाय र सिंगो देशमा नै प्रतिकूल प्रभाव पार्ने देखिन्छ । यति मात्र नभएर अहिलेका युवा र भावी पिंढीहरूले आफ्ना पुर्खाहरूलाई अपमानजनक र खेदको दृष्टिकोणले हेर्ने सम्भावना पनि प्रबल रहन्छ ।

क्रोध वा निराशा पैदा हुनु, जलवायु परिवर्तनलाई स्वीकार गरेर समयमा नै न्यूनीकरणको लागि पहल नगरेकोमा पुरानो पुस्ता प्रति विरोधाभासपूर्ण सोच बनाउनु, पृथ्वी र मानवको अस्तित्व प्रति संकोच प्रकट गर्नु यसका प्रमुख लक्षण हुन् । त्यस्तै आफ्नो कार्यबाट कार्बन उत्सर्जन भएकोमा ग्लानि र अपराधबोध गर्नु, जलवायु परिवर्तनका प्रभावहरू अनुभव गरेपछि तनाव पैदा हुनु, अवसाद र चिन्ताको भावना उत्पन्न हुनु जस्ता लक्षण पनि देखिन्छन् ।

त्यसैगरी, वातावरण वा वन्यजन्तुको आवादीको क्षतिमा शोक र उदासीन हुनु, जलवायु बारे निरन्तर नकारात्मक विचार मनमा आउनु लगायत इको-एन्जाइटीका प्रमुख लक्षण हुन् ।

साथै, व्यक्तिको दैनिक दिनचर्यामा पनि प्रभाव पर्ने जस्तै राम्रोसँग सुत्न नसक्नु, शारीरिक बिमारी हुनु र आफूले गरेको काममा ध्यान दिन नसक्नु आदि रहेका छन् । जसले गर्दा पारिवारिक सम्बन्ध बिग्रिँदै जाने सम्भावना पनि बढ्दै जान्छ ।

**इको-एन्जाइटी भएमा के गर्ने ?**

यदि आफू र परिवारका कुनै सदस्यलाई इको-एन्जाइटी भएको थाहा भएमा निम्नलिखित उपाय अपनाउन सकिन्छ :

साना र व्यक्तिगत परिवर्तनहरू अवलम्बन गर्ने गराउने - जस्तै फोहोर घटाउने, पानीको संरक्षण गर्ने, नवीकरणीय ऊर्जाको प्रयोग गर्ने, विद्युतीय उपकरणको प्रयोग कम गर्ने आदि ।

पर्यावरण अनुकूल जीवनशैली अपनाउनाले व्यक्तिको भावना र दृष्टिकोणमा परिवर्तन आउनुको साथै जलवायु-अनुकूल व्यवहारले अरूलाई पनि उत्प्रेरित गर्न मद्दत गर्छ ।

आफ्नो व्यक्तिगत र पारिवारिक तवरमा हरित ग्याँस उत्सर्जन गणना गर्नाले यसको प्रभाव कम गर्ने तरिकाहरूबारे सचेत हुन मद्दत गर्छ ।

जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने क्षेत्रमा काम गर्ने सामुदायिक संस्थाहरूसँग सम्पर्क गर्नाले जलवायु परिवर्तनलाई सम्बोधन गर्ने नीतिगत प्रयासहरूमा संलग्न हुन मद्दत गर्न सक्छ ।

कुनै पनि घटनाप्रति अति संवेदनशील व्यक्ति भएको खण्डमा कुनै पनि जानकारी, तथ्य अथवा मिडिया प्रयोग गर्दा प्राकृतिक विपत्ति, दुर्घटना जस्ता सामग्रीहरू हेर्ने सुन्ने आदि कम गर्न सकिन्छ । मानसिक स्वास्थ्यकर्मी वा परामर्शदातासँग सहयोग लिने या उपचारमा जाने, ध्यान गर्ने र प्रकृतिमा समय बिताउने आदि ।

कहिलेकाहीं इको-एन्जाइटीलाई अवसरको रूपमा पनि प्रयोग गर्न सकिन्छ । जस्तै हरित नीति, दिगो विकास र जलवायु न्यायका लागि वकालत गर्न आफैं पहल गर्ने ।

जलवायु परिवर्तनको असर मानवीय चिन्तामा मात्र सीमित हुन्छ भन्ने चाहिं छैन । यसले डिप्रेसन लगायत अन्य जटिल मानसिक समस्या पनि निम्त्याउन सक्छ । त्यसैले अहिले बढ्दै गएका अन्य मानसिक समस्याका कारणमध्ये जलवायु परिवर्तन पनि एक हुने भएकोले सम्बन्धित निकायको ध्यान केन्द्रित हुनु पनि आवश्यक छ ।

पर्यावरणीय चिन्ता विकसित देशहरूको जनसंख्या वृद्धिदर घट्नुको अर्को कारण पनि बन्न सक्छ । जसरी अहिले ८ अर्ब जनसंख्यालाई पृथ्वीले धान्न मुस्किल परेको अवस्थामा सन् २१०० मा ११ अर्ब पुग्ने भनिएको जनसंख्यालाई धान्न अहिले भन्दा कैयौं गुणा बढी स्रोत र साधन चाहिने कुरा निश्चित छ ।

यो आकलनले अहिलेका युवा पुस्तामा सन्तान उत्पादनप्रति वितृष्णा जगाउनु पनि पर्यावरणीय चिन्ताको एउटा उदाहरण हुन सक्छ ।

पर्यावरणीय चिन्ता एक अप्राकृतिक संकटको लागि एक प्राकृतिक प्रतिक्रिया हो । जब हामी सामूहिक रूपमा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न लागि पर्छौं, तब व्यक्तिगत इको-एन्जाइटी हुने सम्भावना पनि कम हुन्छ ।

यसका साथै नीतिनिर्माण तहमा पनि अबका पुस्ताहरूमा इको-एन्जाइटी जस्ता समस्या आउन नदिन र कम गर्न दूरदर्शी भएर सोच्नुपर्ने देखिन्छ । र, भएका समस्याहरूको रोकथामको लागि मानव संसाधन अर्थात् मनोविद् र परामर्शकर्ताहरू पनि तयार गर्नुपर्ने हुन्छ ।

*(साभार: अनलाइनखबर)*

# तनाव, रोमाञ्च र नेपालको गोलले मान्यता नपाएको खेल



काठमाडौं/साफ वुमन्स च्याम्पियनसिप २०२४ अन्तर्गत नेपाल र भारतबीचको सेमिफाइनल तनावपूर्ण विवादित र रोमाञ्चकताले भरिपूर्ण रह्यो । तनाव, रेफ्रीको विवादित निर्णय, दर्शकको नारवाजी, साम्बाको उत्कृष्ट गोल अनी पेनाल्टीमा नेपालको जित । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा एक घण्टा भन्दा बढी समय अवरुद्ध भएको खेलको मुख्य विशेषता यीनै रहे ।

अन्तत सावित्रा भण्डारी साम्बाको अग्रेसन र गोल अनी पेनाल्टी सुटआउटमा अन्जनको बचाउने नेपालले भारतलाई पेनाल्टीसुटआउटमा ४-२ ले हराएर लगातार दोस्रो पटक साफ वुमन्स च्याम्पियनसिपको फाइनलमा स्थान बनायो ।

त्यसअघि निर्धारित समयमा रेखा पौडेलले रातो कार्ड पाएपछि नेपाल एक खेलाडी कममा खेलेको थियो । त्यसको फाइदा उठाउँदै संगिता बासफोरेले भार तलाई अग्रता दिलाएकी थिइन् । त्यसपछि खेल रोकियो र तनावग्रस्त बन्यो अनी खेल फेरि सुरु भएपछि उनै सामबाले नेपालका लागि बराबरी गोल गर्दै खेलमा फर्काएकी थिइन् ।

निर्धारित समय १-१ को बराबरीमा सकिएपछि खेलको निर्णय सिधै पेनाल्टीसुटआउटबाट भएको थियो । नेपालले साफमा भारतलाई लगातार दोस्रो पटक हराएको हो भने समग्रमा छैटौं पटक साफको फाइनलमा पुगेको हो । नेपालले अब उपाधिका लागि बुधबार बंगलादेशसँग खेल्नेछ ।

खेलको नतिजा बाहेक पनि यस खेलमा धेरै इमोसन र एग्रेसन अनी ड्रामा मिसिएको थियो । त्यसमा मुख्य रेफ्रीको गलत निर्णयले पनि भूमिका खेल्यो ।

**किन रोकियो खेल ?**

पहिलो हाफ गोलरहित बराबरीमा सकिएको खेलको दोस्रो हाफ भने विवादित बन्यो । ५१औं मिनेटमा नेपालकी रेखा पौडेलले रातो कार्ड पाउ मैदान बाहिरिइन् । उनले दोहोरो पहेँलो कार्ड पाएपछि रातो कार्ड पाएकी थिइन् । तर उनको गल्ती देखिएको थिएन । त्यस पछि खेल केही बेर रोकिएको थियो ।

तर खेलको असली विवाद तब भयो जब नेपालले गरेको बराबरी गोलले मान्यता पाएन अनी दर्शकले रेफ्रीलाई लक्षित गर्द मैदानमा बोतल फाल्न थाले । ७१औं मिनेटमा संगिता बासफोरेले गोल गर्दै भारतलाई अग्रता दिलाइन् । त्यसमा भारतले ठूलै खुशीयाली मनाएको थियो । मैदानका खेलाडी बेन्चका खेलाडी र कोचिङ स्टाफहरु सबैले मैदानको साइडमा खुशी मनाइरहेका थिए ।

त्यसैबेला नेपालले सेन्टरबाट बल चलायो । सावित्रा भण्डारीले चलाउँदै दिएको पासमा प्रीति राईले ७२औं मिनेटमा नेपालका लागि बराबरी गोल फर्काइन् । यतिबेलासम्म रेफ्रीले बल चलाउन दिइसकेको थियो र नेपालको गोलको मान्यता पनि दिएको थियो । भारतका केही खेलाडी बल बचाउन गर्न पनि गएका थिए तर धेरै जसो भने खुशीमै रमाइरहेका थिए ।

नेपाली खेलाडी र बेन्च भने गोलको खुशी मनाउन थालिसकेका थिए । तर स्कोर बोर्डमा नेपालको गोल देखाइएन । नेपालले गरेको गोलले मान्यता नपाएपछि नेपाली खेलाडी कोचिङ स्टाफ सबै जना त्यसको प्रतिवादम उत्रन थाले ।

नेपालको गोलले मान्यता नपाएपछि नेपाली खेलाडीले फेरि सेन्टरबाट बल चलाए । ७३ मिनेट र केही सेकेण्डको खेल चलिरहेको बेला दर्शकले बोतल हान्न थाले ।

रेफ्री आफैँले सुरुमा गोल मान्यता दिएर पछि मान्यता नदिएपछि खेल तनावग्रस्त बन्यो र १ घण्टा भन्दा बढी समय सम्म खेल रोकियो । यस बीचमा नेपाली खेलाडी, कोचिङ स्टाफ, व्यवस्थापक, म्याच कमिसनर, रेफ्री एसेसर, रेफ्री, असिस्ट्यान्ट रेफ्रीहरुबीच लामो छलफल भइरहेको थियो ।

खेलपछि नेपालका मुख्य प्रशिक्षक राजेन्द्र तामाङले दुई कारण देखाउँदै नेपालको गोललाई मान्यता नदिएको बताए । रेफ्रीले नै गोल मान्यता दिएर पछि मान्यता नदिएकोले यो अवस्था आएको तामाङले बताए ।

'रेखा पौडेलको फल भएपछि रेड कार्ड भयो । हामी १० जनामा समिति भयौँ । त्यसपछि प्रेसर भयो । त्यसैले अर्गनाइज नहुँदै गोल खानपुग्यो । लगत्तै हामीले गोल गर्‍यौँ । तर रेफ्रीले मान्यता दिनुभएन । त्यसपछि हामीले तपाईँ आफैले खेल्न अलाउ गर्नुभयो खेल भनेर । हामी हामीले गोल गरेपछि गोल इशारा पनि दिनुभयो ।' तामाङले पोष्ट म्याच कन्फ्रेन्समा भने ।

तर गवलको मान्यता नपाएपछि रेफ्रीले दुई कारण दिएको तामाङले बताए । 'किन त भनेर भन्दा उताको कोच लाइन भित्र छिरि कोले तपाईंको गोलले मान्यता पाएन भन्नुभयो । यो त कसरी हुन्छ र तपाईले मान्यता दिइसक्नुभएको गोल निश्चित गोल भइसक्यो । छलफल हुँदा हादै किपर गोलपोष्ट छाडेर यता आएको भनेर गोलको मान्यता भएन भन्नुभयो ।' तामाङले भने ।

यो निर्णयपछि खेलाडीहरु निरशा बनेको र त्यसैले गर्दा लामो समय खेल रोकिएको तामाङले बताए । 'त्यो दुई कारण दिनुभयो । यसबाट खेलाडीहरु त निश्चित रुपमै निराश हुने भयो । मैले त रोक भन्ने इशारा गरेको उनीहरुले चलाइदियो भन्नुभयो रेफ्रीले । त्यहाँ कुरा बाजियो । त्यसमै हामी डिबेट गरेर बस्दा अली लामो समय लाग्यो ।'

नेपाली फुटबलमा अहिलेसम्म नदेखिएको अवस्था यस खेलमा देखियो । खेल नै सकिने बेलासम्म पनि खेल फेरि सुरु नहुँदा दर्शक अन्योलमा थिए । अब के हुन्छ ? के नतिजा आउँछ भनेर ?

खेलाडीहरु त खेल्न मानिरहेका थिए । उनीहरु गोलले मान्यता पाउनुपर्छ भनेर माग गरिरहेका थिए । तर त्यसपछि खेल रद्द गर्ने कारवाही गर्ने जस्ता कुराहरु उठेपछि नेपाली टोली अन्तिममा खेल्न तयार भएको प्रशिक्षक तामाङले बताए । 'अन्तिममा खेल नै अबान्डन्ड गर्ने, कारवाही गर्ने, फाइन तिराउने लगायत कुरा भयो । त्यस्तो टाइपको कुरा आयो अब फाइन तिरानउपर्छ, सस्पेन्स गराउनुपर्छ भन्न भयो । अन्तिममा खेलाउने भन्ने कुरा भयो । खेलाडीहरु गोल मान्यता नपाए कसरी खेल्ने भनिराथे ।' प्रशिक्षक तामाङले भने, 'पछि हामीलाई समर्थन गर्न यति धेरै दर्शक आउनुभएको छ । दर्शकको लागि खेल्नुपर्छ । एफएको इज्जतको लागि, खेलाडीका लागि भएपनि खेल्नुपर्छ र आगामी दिनमा पनि फेरि खेल्नुपर्छ भनेर हामीले रिस्टार्ट गर्‍यौँ ।'

**"साम्बालाई अगाडि मात्र खेल्न दियौं"**

लामो वहसपछि खेल फेरि सुरु भयो । खेल फेरि सुरु हुँदा ६४औं मिनेट देखि सुरु भएको थियो । खेल सुरु भएलगत्तै नेपाली गोल मेसिस साम्बाले बराबरी गोल फर्काइन् । प्रीति राईले उपलब्ध गराएको पासमा साम्बाले सानदार गोल गरिन् । लगत्तै उनले जर्सी नै फुकालेर सानदार सेलेब्रेसन पनि गरिन् । खेल रोकिएर फेरि सुरु भएपछि नेपालले डिफेन्सलाई बलियो बनाउने र काउन्टर अट्याकमा साम्बालाई बल दिएर गोल गर्ने रणनीति बनाएको थियो । त्यसमा नेपाल सफल भयो ।

'खेल सुरु भएपछि हामी १० जना थियौँ । हामीले साम्बालाई पछाडी आउनुपर्दैन भनेर अगाडि खेलायौँ । ८ जना र किपरलाई कमब्याकट बनाएर सामबालाई बल दिनुपर्छ भनेका थिया । साम्बालाई बल दिए गोल निस्कन्छ भनन् थियो । गोल पनि भयो ।' प्रशिक्षक तामाङले भने ।

त्यसपछि नेपाललाई फाइदा र भारतलाई घाटा हुँदा भारत दबाबमा परेको उनले बताए । नेपालको डिफेन्सले अनुशासित भएर खेलको भन्दै तामाङले प्रशंसा गरे । निर्धारित समयमा १-१ गोलको बराबरीमा सकिएपछि खेल सिधै पेनाल्टीसुटआउटमा गएको थियो ।

पेनाल्टीलाई मध्यनजर गर्दै नेपालले खेलको अन्त्यतिर कप्तान तथा नियमित किपर एन्जला तुम्बापो सुब्बाको स्थान अन्जना राना मगरलाई मैदान पठाएको थियो । प्रशिक्षक तामाङले अन्जनालाई पेनाल्टीमा प्रयोग गर्ने योजना रहेको र त्यही अनुसार गरेको बताए । 'अन्जनालाई अन्तिममा ट्राई गर्ने योजना थियौँ । त्यही गर्‍यौँ । पेनाल्टी रोक्यो राम्रो भयो ।'

नेपालाई जिताउन महत्वपूर्ण भूमिका खेलेकी साम्बा नै खेलको प्लेअर अफ दि म्याच घोषित भइन् । उनले आफूले अवसर पाए गोल गर्छु भन्ने आत्मविश्वास रहेकोले त्यही अनुसार खेलेको बताइन् ।

गोल पछि जर्सी खोल्ने बारे सोध्दा उनले त्यो समयमा आफैँ त्यो भएको बताइन् । यस्तै साम्बाले आफ्नो आइडल क्रिस्टियानो रोनाल्डोले शैलीमा जर्सील देखाएर सेलेब्रेसन समेत गरेकी थिइन् । साम्बाको गोल सेलेब्रेसन खुबै चर्चित बनेको थियो र उनको फोटो पनि भाइरल बनेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'बिके'को छवि 'पूर्ण बहादुरको सारङ्गी'ले ब्रेक गर्छ : विजय बराल



काठमाडौं/सहायक भूमिकामा रुचाइएका कलाकार हुन्, विजय बराल । 'कबड्डी'मा निभाएको 'बिके' चरित्रले उनलाई कलाकारितामा स्थापित गरेको थियो । यसपछि उनी 'बिके'कै शैलीको चरित्रमा बढी देखिए । तर, यही कात्तिक १५ गते (लक्ष्मीपूजा)बाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'पूर्ण बहादुरको सारङ्गी'मा उनले भूइँमान्छेको चरित्र बाँचेका छन् । अर्थात् गन्धर्वको भूमिकामा छन् । यसमा उनलाई तन्नेरी र बुढ्यौली दुई अवस्थामा देख्न सकिन्छ । टिजर र ट्रेलरमा उनको अभिनय मर्मस्पर्शी छ ।

विजयलाई 'सारङ्गी'ले 'बिके'को रुपमा बनेको आफ्नो छवि (इमेज) ब्रेक गर्छ भन्ने विश्वास छ । आइतबार काठमाडौंमा पत्रकार सँगको कुराकानीमा उनले भने, 'अब फरक चरित्रमा काम गर्न पाइन्छ भन्ने लागेको छ । तर, मलाई 'बिके' चरित्रले नै स्थापित गरेको हो । 'बिके' भएर 'कबड्डी'का चार श्रृंखलामा काम गरेकै ८ वर्ष भएछ । लामो यात्रा गरेपछि एउटा 'इमेज' बन्ने रहेछ । त्यसलाई 'पूर्ण बहादुरको सारङ्गी'ले ब्रेक गर्छ भन्ने विश्वास छ ।'

झन्डै दुई दर्जन फिल्ममा अभिनय गरिसकेका विजय सहायक भूमिकाबाट माथि उठ्न सकेका थिएनन् । 'पूर्ण बहादुरको सारङ्गी' भने उनकै काँधमा छ । अर्थात् उनी नै फिल्मको हिरो हुन् । फिल्मको मूल कथा उनीमै केन्द्रित छ । यसैले फिल्मबाट प्रस्ताव आउँदा उनले दुई साता निर्णय नै दिन सकेका थिएनन् । लिड रोल भएकै कारण उनलाई एक किसिमको डर लागेको रहेछ ।

'कथा सुनेपछि त मैले दुई हप्ता होल्ड नै गरेँ । लिड भनेर आउने वितिक्कै मलाई एक किसिमको डर भयो । साइडमा बसेर काम गर्न जति सहज हुन्छ, फ्रन्टलाइनमा बसेर गर्दा फरक हुन्छ । यसमा रिक्स र फाइदा दुवै छ,' विजय भन्छन्, 'दुई हप्ता होल्ड गरेपछि मैले आफैलाई आँट दिलाएँ । त्यसपछि काम गर्न तयार भएको थिएँ ।' मुख्य भूमिकाबाट प्रस्ताव आउँदा उनले व्यावसायिक पक्षलाई पनि सोचेका रहेछन् । कम्तीमा निर्माता सुरक्षित हुनुपर्छ भन्ने उनलाई लागेको थियो । भन्छन्, 'अरु फिल्म गर्दा अभिनय गर्ने मात्र मेरो काम हो भन्ने हुन्थ्यो । तर, यसमा योबाहेक निर्माताले मलाई विश्वास गर्नुभएको छ, यसबाट उहाँहरुलाई राम्रो भयो भने अर्कोचोटी सहज हुन्छ भन्ने कुरा चाहिँ मेरो दिमागमा २५ प्रतिशत आएकै हो । ७५ प्रतिशत चाहिँ त्यो चरित्रमा कति न्याय गर्न सकिन्छ भनेर घोत्लिएको थिएँ ।'

बलिउडमा हेर्ने हो भने सहायक भूमिकाबाट उदाएका धेरै कलाकारहरु मुख्य भूमिकामा देखिरहेका छन् । तर, नेपालमा यो अभ्यास कमै भएको छ । विजयलाई लाग्छ, यसमा मेकरले 'रिक्स' लिनुपर्छ । 'मेकरहरुले एउटा सोचले हेरिरहनुभएको हुन्छ । दर्शकले पनि जसरी हेरिरहनुभएको हुन्छ, त्यही होस् भन्ने चाहनुहुन्छ । तर, मेकरले 'रिक्स' लिन सक्नु पर्छ । क्लाकारले त जस्तो चरित्र दिए पनि गरिहाल्छन् । पहिला मेकरले 'रिक्स' लिनुपर्‍यो,' उनी सुनिए ।

मेकरलाई विश्वास दिलाउने काम कलाकारको पनि हो भन्ने विजयलाई लाग्छ । भन्छन्, 'मेकरलाई विश्वास दिलाउने काम हाम्रो पनि हो । 'दिमाग खराब'मा मैले गरेको 'बले' चरित्र पहिला के होला भन्ने थियो । गरिसकेपछि यसले गर्न सक्छ भन्ने भयो । यसैले हामीले पनि विश्वास दिलाउन सक्नुपर्छ । यद्यपि, साइड रोल गरि रहेका कलाकारहरु फ्रन्टलाइनमा आएर काम गर्न सक्ने धेरै छन् ।'

विजयले 'पूर्ण बहादुरको सारङ्गी'मा निभाएको चरित्र आफ्नो लागि एउटा राम्रो अवसर मानेका छन् । चरित्रले कथाको सार बोक्नुपर्छ भन्ने मान्यता राख्ने उनले यसमा त्यो पाएका छन् । 'फिल्ममा निभाएको चरित्रलाई लिएर उत्साहित छु । चरित्रले कथाको सार बोक्नुपर्छ भन्ने लाग्छ । यो कथाको सारभित्र बसिरहँदा चाहिँ पुस्तान्तरणसहितको रुपान्तरण हो यो फिल्म भन्ने लाग्छ,' उनी कथासार प्रस्ट्याउँदै भन्छन्, 'एउटा बाबुले छोराका लागि देखेको सपनाको कथा हो यो ।'

विजयले चरित्र निर्माणका लागि सारङ्गी पनि सिकेका थिए । १० दिन शरीरको बस्ने पोजिसन, सारङ्गी बोक्ने शैली र हातको चाल सिकेको उनले स्मरण गरे । सारङ्गी सिक्दा र गन्धर्वको चरित्र बाँच्दा उनले महसुस गरेका थिए, 'गन्धर्वको जीवन कष्टकर नै छ ।' फिल्ममा आफूले निभाएको चरित्रलाई पनि दु:खी मान्छन् उनी । भन्छन्, 'दु:खी चरित्र भए पनि अगाडि बढ्नुपर्छ भन्ने सोच भएको पिता हुँ । बाउभित्रको द्वन्द्वात्मक चरित्र हो मेरो ।'

# ८ वर्षपछि निर्देशनमा फर्किँदै ऋषि, मुख्य भूमिकामा केदार निश्चित हुन् ?



काठमाडौं/निर्देशक ऋषि लामिछानेले ८ वर्षपछि फिल्म निर्देशनमा पुनरागमन गर्ने भएका छन् । कमेडी कथावस्तुमा बन्न लागेको फिल्मबाट उनी निर्देशनमा फर्किन लागेका हुन् ।

आगामी माघ १५ गतेबाट छायांकनको तयारी गरिएको फिल्मको नाम भने सार्वजनिक गरिएको छैन । यद्यपि, नाम तय भइसकेको छ । ऋषिले यसअघि निर्देशन गरेको फिल्म 'किस्मत २' सन् २०१६ मा प्रदर्शन भएको थियो । उनले 'हवल्दार सुन्तली', 'सरी ल', 'श्रीमान् श्रीमती' लगायतका फिल्म पनि निर्देशन गरेका छन् ।

फिल्मलाई निर्देशक समेत रहेका मुनाल घिमिरेले निर्माण गर्नेछन् । घोराही उप-महानगर पालिका-४ को वडा अध्यक्ष समेत रहेका उनले यसअघि 'खबरदार' र 'इच्छा' फिल्मको निर्देशन गरेका थिए । आफू जनप्रतिनिधि भएकाले यसपटक फिल्म निर्देशन गर्न सम्भव नभएको उनले बताए । फिल्मका लागि यतिबेला उनको दाङ र काठमाडौं ओहोरदोहोर बाक्लिएको छ ।

समीक्षक समेत रहेका सामिप्यराज तिमल्सिनाले फिल्मको स्क्रिप्ट तयार पारेका छन् । स्क्रिप्ट फाइनल गरेर निर्माण टिम क्लाकार छनोट प्रक्रियामा जुटेको छ । निर्माता घिमिरेले शनिबार आफ्नो फेसबुकमार्फत् फिल्ममा कलाकार केदार घिमिरे (मागने बुढा)सँग काम गर्ने सहमति भएको जनाएका छन् । तर, निकट स्रोतका अनुसार उनीसँग निर्माताको मौखिक सहमति मात्र भएको हो । केदारले तिहार लगत्तै फिल्म 'जेरी अन टप'मा काम गर्दैछन् । सबै कुरा ठीक भए उनले यसपछि निर्देशक लामिछानेको फिल्मलाई समय दिनेछन् । केदारका साथै फिल्ममा अर्को मुख्य भूमिकाका लागि अभिनेता सौगात मल्लसँग पनि कुरा अगाडि बढाइएको जानकारी प्राप्त छ । तर, उनको चर्को व्यस्तताले गर्दा सेड्युल मिलाउन समस्या देखिएको छ ।

# १०० दिनमा ४८ जना गर्भवती र सुत्केरीको हवाइ उद्धार

काठमाडौं/महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले एक सय दिनमा दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका ४८ जना गर्भवती तथा सुत्केरीको हवाइ उद्धार गरेको छ ।

आइतबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री नवलकिशोर सुडीले सय दिनमा गरिएका कार्यसम्पादनका उपलब्धि सार्वजनिक गर्दै जोखिममा परेका दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरीको हवाई उद्धार गरिएको जानकारी दिए ।

मन्त्रालयका सचिव दिनेश भट्टराईले राष्ट्रपति महिला सशक्तीकरण परियोजनाअन्तर्गत दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धारमा सरकार सधैँ चनाखो रहेको दाबी गरे । उनले कहिलेकाहीँ सेनाको हेलिकप्टर नपाउँदा वैकल्पिक व्यवस्था गरेर भए पनि सेवा प्रदान गर्दै आएको बताए ।

यस्तै, मन्त्रालयले सय दिनभित्र कार्यसम्पादन गरेका उपलब्धिमध्ये प्राकृतिक प्रकोपको विपतमा परेका महिला, बालबालिका तथा ज्येष्ठ नागरिलाई मानसिक र शारीरिक राहत प्रदान रहेको मन्त्री सुडीले जानकारी दिए ।

उनले विपद पीडित एक हजार १६५ जनालाई पहिलो चर णको मनोसामाजिक परामर्श सेवा प्रदान गरिनाका साथै, बालबालिका, महिला र अशक्तलाई आवश्यक राहत सामग्री प्रदान गरेको पनि जानकारी दिए ।

कुल एक अर्ब ६० करोड १३ लाख ४० हजार बजेट रहेको यस मन्त्रालयले नेपालको कुल जनसंख्याको ७७ दशमलव १६ प्रतिशत जनसंख्याको नेतृत्व गर्दै आएको बताउँदै मन्त्री सुडीले ठूलो जिम्मेवारी तर सीमित स्रोतसाधन मन्त्रालयको कार्यसम्पादनको मुख्य चुनौती रहेको बताए ।

दश स्थानीय तहबाट सडक बालबालिकाको तथ्याङ्क माग गरिएकामा ५६ जनाको तथ्याङ्क आएको र उनीहरुलाई राष्ट्रिय बालअधिकार परिषद्मार्फत उद्धार, पुनर्स्थापनामा प्रक्रिया अघि बढेको, हराएका बालबालिका खोजेर परिवारलाई पुनर्मिलन गराएको, मानव बेचबिखन तथा ओसारपसार पीडित/प्रभावित ७७ महिलाको उद्धार गरिएको लगायत कार्य मन्त्रालयले उपलब्धिका रुपमा लिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# विदेशमा चर्कियो '१२ गाउँ'को माग, अमेरिका रिलिज तय




काठमाडौं/दशैंको फूलपातीबाट प्रदर्शनमा आएको फिल्म '१२ गाउँ' घरेलु बक्स अफिसमा कीर्तिमान बनाउने बाटोमा छ । फिल्मप्रति दर्शकको क्रेज हेर्दा तिहार विदाभित्र 'कबड्डी ४'ले बनाएको लगभग २३ करोडको ऐतिहासिक रेकर्ड तोडिन सक्ने देखिन्छ । तेस्रो हप्ताको शनिबार सम्म फिल्मले १९ करोडको आँकडा नघाएको छ । फिल्मको अनपेक्षित सफलताले फिल्म क्षेत्र नै आश्चर्यमा छ ।

प्रदर्शनअघि '१२ गाउँ'को विदेश राइट्स खासै बिक्री हुन सकेको थिएन । वितरकहरुको रोजाईमा 'छक्का पञ्जा ५' परेको थियो । तर, नेपालमा '१२ गाउँ' ब्लकबस्टर भएपछि विदेशमा माग चर्किएको छ । र, यतिबेला दिनहुँ कुनै न कुनै देशको राइट्स बिक्री भइरहेको छ । आधाउधी लगानी फिल्मले विदेश राइट्सबाटै उठाउने सम्भावना देखिएको छ ।

जापान, दुबई, क्यानडा, माल्टा, कोरिया, लेबनन, अष्ट्रेलिया जस्ता देशमा बिक्री भइसकेको '१२ गाउँ' अब अमेरिकामा रिलिज हुने निश्चित भएको छ । आगामी नोभेम्बर २ अर्थात् कात्तिक १७ गते हली तिहारबाट अमेरिकाको १६ बढी सहरमा फिल्म प्रदर्शन हुन लागेको वितरक कम्पनी इ-पिक इन्टरटेनमेन्ट र र एभरेष्ट इन्टर टेनमेन्टले जनाएका छन् । वितरक अभिजित राई र रमेश भट्टले अमेरिकामा फिल्म बक्स अफिसमै रिलिज हुने बताए ।

अभिनेता विराज भट्टको निर्देशनमा तयार भएको फिल्ममा उनी स्वयं मुख्य भूमिकामा छन् भने उनका छोरा समीर भट्टले डेब्यु गरेका छन् । पहिलो फिल्मबाटै 'एक्सन स्टार'को रुपमा उदाएका समीरको एक्सन, नृत्य, सुगठित शरीर र आवाजलाई दर्शकले मन पराएका छन् । यसमा न्यान्सी खड्का, सनिशा भट्टराई, मुरलीधर, कनिज कोइराला, दीया मास्के आदिको पनि अभिनय छ ।

# साफ वुमन्स च्याम्पियनसिपको उपाधिका लागि फेरि नेपाल र बंगलादेश भिड्ने

काठमाडौं/साफ वुमन्स च्याम्पियनसिप २०२४ को लागि नेपाल र बंगलादेश भिड्ने भएका छन् । नेपाल र बंगलादेशले आईतबार सेमिफाईनल जित्दै फाईनल भेट पक्का गरेका हुन् । यसअघि २०२२ मा काठमाडौं मै भएको साफमा पनि यी दुई टोली भिडेका थिए । जहाँ नेपाललाई हराएर बंगलादेश पहिलो पटक च्याम्पियन बनेको थियो ।

सातौं संस्करणको च्याम्पियनसिपको आईतबारको पहिलो सेमिफाईफाईनलमा साविक विजेता बंगलादेशले भुटानलाई ७-१ ले हराएर फाईनफमा स्थान बनाएको हो । घरेलु टोली नेपालले भने तनावग्रस्थ सेमिफाईनलमा पाँच पटकको विजेता भारतलाई पेनाल्टीसुटआउटमा ४-२ ले पराजित गर्दै फाईनल पुगेको हो ।

फाइनल खेल बुधबार हुनेछ । नेपाल समग्रमा छैटौं पटक र बंगलादेश तेस्रो पटक फाइनल पुगेको हो । लगातार तेस्रो पटक घरेलु मैदानमा साफ वुमन्स च्याम्पियनसिप खेलिरहेको नेपाली टोली यस पटक च्याम्पियन बन्ने लक्ष्यमा छ ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बागमती सरकारद्वारा दर्शन सहकारी समस्याग्रस्त घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, ११ कात्तिक/ बागमती प्रदेश सरकारले कीर्तिपुर नगरपालिकामा रहेको दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई समस्याग्रस्त सहकारी घोषणा गरेको छ ।



बागमती प्रदेशको संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयले आइतबार दर्शन सहकारीलाई प्रदेश सहकारी ऐन, २०७६ को दफा ८१ को उपदफा २ बामोजिम समस्याग्रस्त सहकारी घोषणा गरेको हो । मन्त्री बिमल ठकुरीले बचतकर्ताको रकम सुरक्षित गर्न सहकारीलाई समस्याग्रस्त घोषणा गरेर अगाडि बढ्ने निर्णय गरेको जानकारी दिए ।

काठमाडौंस्थित प्रदेश सरकार मातहतको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिलाई दर्शन सहकारीमा शिलबन्दी गर्न निर्देशन दिइसकिएको मन्त्री ठकुरीले बताए । बागमती प्रदेशको सहकारी महाशाखाका अनुसार दर्शन सहकारीले २०० जना भन्दा बढी बचतकर्ताको दुई अर्ब बचत डुबाएको आशंका गरिएको छ ।

सहकारी सञ्चालक अध्यक्ष दिनेश दर्शनधारी, उपाध्यक्ष तुला तुलाधर, सचिव यशोदा राई, कोषाध्यक्ष जेनु महर्जन र सदस्यहरु शान्तिकुमारी राई, जेनिश महर्जन र अनिल अधिकारी रहेका छन् । काठमाडौं र कीर्तिपुर कार्यक्षेत्र रहेको सहकारीको कुल शेयर सदस्य ९ हजार ८ सय ७५ जना छन् ।

बचतकर्ताको उजुरीका आधारमा ३३३१ (०६७/६८) दर्ता नम्बर रहेको सहकारीको अनुगमन गर्न सहकारी विभागले शाखाअधिकृत तिलकराम पोखेल नेतृत्वको अनुगमन टोली गठन गरेको थियो । अनुगमन टोलीले ५ कार्तिक ०८१ मा पेश गरेको प्रतिवेदनमा उल्लेख भएअनुसार २०८० असार मसान्त अर्थात एक वर्षअघिसम्मको वासलातका आधारमा बचत दायित्व ८६ करोड ८० लाख ८६ हजार ६ सय ४० रहेको छ ।

२०८० असारपछिको एकवर्षको हिसाबकिताबको विवरण उपलब्ध हुन नसकेको विभागको अनुगमन प्रतिवेदनमा भनिएको छ । प्रतिवेदनमा सहकारीका कर्मचारीका अनुसार २ अर्ब बचत रकम फिर्ता गर्न बाँकी रहेको उल्लेख छ । प्रतिवेदनअनुसार सहकारीको एक वर्षअघिको शेयरपूँजी २२ करोड ४५ लाख ४५ हजार १००, जगेडा कोष ४ करोड २५ लाख ७९ हजार ९६, लगानीमा रहेको ऋण १ अर्ब ४५ करोड १३ लाख ४५ हजार २१३ रहेको प्रतिवेदनमा उल्लेख छ । सहकारीको जम्मा सम्पति १ अर्ब ५७ करोड ४ लाख ८० हजार ३८९ रुपैयाँ रहेको जनाइएको छ ।

यसैबीच, २२ असोज ०८१ मा अनुगमनमा खटिएको टोलीलाई सहकारीका व्यवस्थापक सुवर्ण महर्जन, सचिव यशोदा राई लगायतले असहयोग गरेको पाइएको छ । अध्यक्ष दर्शनधारी सम्पर्कमा नआएको र पछिल्लो एकवर्षको विवरण सहकारीले उपलब्ध नगराएको अनुगमन टोलीले आफ्नो प्रतिवेदनमा जनाएको छ ।

२ कार्तिकमा पुगेको अनुगमन टोलीलाई १ जना कार्यलय सहयोगी र २ जना कर्मचारी मात्रै रहेको सहकारीमा वासलात, सन्तुलन परीक्षणलगायत वित्तीय विवरणहरु, सञ्चालक समिति, लेखासमितिको माइन्यूट र ऋण लगानी भएका कागजात उपलब्ध गराउन अस्वीकार गरिएको अनुगमन टोलीको प्रतिवेदनमा उल्लेख छ ।

दर्शन सहकारीलाई समस्याग्रस्त घोषणा गर्न कीर्तिपुर नगरपालिकाको सिफारिस, १२ भदौ ०८१ मा हेटौंडास्थित सहकारी महाशाखामा सहकारी सञ्चालक र बचतकर्ताबीचको छलफलबाट समस्याग्रस्त सहकारी घोषणा गर्ने निर्णय, पूर्वसहमतिअनुसार मासिक ५० लाख रुपैयाँ बचतरकम फिर्ता गर्ने सहमति कार्यान्वयन नभएकोले सहकारी आफै व्यवस्थापन गर्न नसक्ने अवस्थामा पुगेको कारण सहकारीलाई समस्याग्रस्त घोषणा गरिएको महाशाखाका कानुनअधिकृत मनोज गुप्ताले जानकारी दिए ।

सहकारी महाशाखा हेटौंडाका कानुनअधिकृत गुप्ताले २०० भन्दा बढी बचतकर्ताको उजुरी परेको जानकारी दिए । कंचन महर्जनलगायत १ सय ३८ जनाले संघर्ष समिति गठन गरेर बचत रकम फिर्ता माग्दै उजुरी दिएका थिए । कानुनअधिकृत गुप्ताकाअनुसार दर्शन सहकारीबाट बचत रकम फिर्ता माग गर्दै आएका संघर्ष समिति नै ४ वटा रहेको छ । 'एक वर्षअघिको ८६ करोड बचत दायित्व देखियो । अहिलेसम्म २ अर्ब बचत फिर्ता गर्नुपर्ने बचतकर्ताको मागदाबीबाट खुल्न आएको छ । यसबाट पनि सहकारीमा २ अर्ब बढी अपचलन भएको खुल्छ' गुप्ताले भने ।

६० करोड बचत रकम सञ्चालक आफैंले ऋणको रुपमा लिएर व्यक्तिगत कम्पनीमा लगानी गरेको, घरजग्गा खरिदमा खर्च गरेको र चलचिल निर्माणमा समेत सहकारीको पैसा गएको देखिएको कानुनअधिकृत गुप्ताले जानकारी दिए । पीडित बचतकर्ताले जानकारी दिएअनुसार सहकारीका अध्यक्ष दर्शनधारीले चलचिल निर्माणमा सहकारीको पैसा लगानी गरेको जनाइएको छ ।

गत साउनमा पीडित बचतकर्ताले सहकारी अध्यक्ष दर्शनधारीको घरमा तोडफोड र गेटमा आगजनी गरेका थिए । १२ भदौमा सहकारी महाशाखामा बचतकर्ता र सञ्चालकबीचको छलफल तनावग्रस्त बनेको गुप्ताले बताए । बाक्लो संख्यामा प्रहरी परिचालन गरेर छलफल गरिएको उनको भनाई छ ।

बागमती प्रदेश सरकारले यसअघि २१ भदौ ०८० मा सिभिल सेभिङ एण्ड क्रेडिट सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरेको थियो । सहकारी महाशाखामा हालसम्म ३०२ वटा सहकारीविरुद्ध उजुरी परेको छ । महाशाखाले सम्बन्धित जिल्ला प्रहरी कार्यालयलाई ५२ वटा सहकारी र सिआईबीलाई १५ वटा सहकारीमाथि कारबाहीको लागि पठाएको छ ।

# काजकिरिया गर्न मनहरी गाउँपालिकाको आर्थिक सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ११ कात्तिक/ मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी गाउँपालिकाले विपन्न परिवारको सदस्य मृत्यु हुँदा काजकिरियाका लागि आर्थिक सहयोग उपलब्ध गराउन थालेको छ ।



परिवारका सदस्यको निधनपश्चात् काजकिरिया गर्नका लागि आर्थिक समस्या झेल्दै आएका विपन्न परिवारलाई पालिकाकाले आर्थिक सहयोग उपलब्ध गराउन सुरु गरेको हो । चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममै समावेश गरी मृतकको घरमै पुगेर काजकिरिया गर्नका लागि पालिकाकाले रकम उपलब्ध गराउन थालेको छ । हालसम्म चालु आवमा १६ परिवारलाई काजकिरिया बापतको रकम सहयोग गरिएको पालिकाले जनाएको छ ।

प्रत्येक विपन्न परिवारलाई २० हजार रुपैयाँसहित श्रद्धाञ्जलीपत्र हस्तान्तरण गर्ने गरिएको छ । वडा कार्यालयले विपन्नको सिफारिस गरेपछि गाउँपालिका कार्यालयले काजकिरिया गर्न २० हजार रुपैयाँ नगद उपलब्ध गराउने गरेको हो । आर्थिक अभावकै कारण काजकिरिया रोकिने अवस्थाका परिवार पनि रहेको र विपन्न परिवारको दु:खमा सहयोग गरेको पालिका अध्यक्ष रञ्जन कालाखेतीले भने ।

कार्यपालिकाको बैठकले निर्णय गरेरै विपन्न परिवारको काजकिरियाका लागि सहयोग उपलब्ध गराउन थालिएको जानकारी दिए । पालिका अध्यक्ष कालाखेती, उपाध्यक्ष सीता पुलामी मगर, सम्बन्धित वडाध्यक्षासहितका जनप्रतिनिधि विपन्नको घरमै पुगेर नगद सहयोग गर्दै समवेदना व्यक्त गर्ने गरेका छन् ।

गाउँपालिकाले विपद्मा परेर ज्यान गुमाएकाको परिवारलाई पनि नगद ५० हजार रुपैयाँ सहयोग गर्दै आएको छ । विपद्मा ज्यान गुमाएकाको परिवारलाई ५० हजार रुपैयाँ कार्यपालिकाले निर्णय गरेरै सहयोग गर्न सुरु गरेको हो । यस आर्थिक वर्षको हालसम्मको अवधिमा ५ परिवारलाई सहयोग गरिएको मनहरी गाउँपालिकाका सूचना अधिकारी राजेन्द्र भट्टराईले जानकारी दिए । यस वर्षको विपद्मा परेर मनहरीका ५ जनाको मृत्यु भएको छ ।

# निजीकरणमा जान लागेका हेटौंडा सिमेन्ट र कपडा उद्योगको सम्पत्ति कति ?

साझाकुरा संवाददाता

हेटौंडा, ११ कात्तिक/ सरकारले आठ वटा सार्वजनिक संस्थान निजीक्षेत्रलाई सञ्चालन गर्न दिने सिफारिस गरेको छ । निजीकरण ऐनअन्तर्गत अर्थमन्त्रीको नेतृत्वको समितिले गरेको सिफारिस अनुसार हाल सञ्चालित अवस्थामा रहेको हेटौंडा सिमेन्टलाई पनि निजीकरणको तयारी गरिएको छ ।

२० वर्ष अगाडि नै बन्द हेटौंडा कपडा उद्योगलाई पनि निजीकरण गर्ने तयारी सरकारको छ । तर, २०५८ यता कपडा उद्योगलाई निजीकरण गर्ने सम्बन्धी आवेदनमा कुनैपनि निकायले इच्छा देखाएको थिएन । अहिले निजीकरणका लागि तयारी गरिएका सबै संस्थान उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहतका छन् । निजीकरण गर्न लागिएको हेटौंडा कपडा उद्योग र सिमेन्ट उद्योगको सम्पति कति छ त ?

**हेटौंडा सिमेन्ट उद्योग**

हेटौंडा सिमेन्ट उद्योग पनि सरकारको पूर्णस्वामित्वको कम्पनी हो । ९० करोड रुपैयाँ चुक्ता पुँजी रहेको उद्योग २०३३ सालमा स्थापना भएको हो । अहिले उद्योगसँग दैनिक झन्डै ९०० मेट्रिकटन (१८ हजार बोरा) सिमेन्ट उत्पादन गर्ने क्षमता छ । उद्योगको स्वामित्वमा लामसुरे हाइटमा ५७ बिघा जग्गा छ । एक अर्व ३८ करोड ९० लाख रुपैयाँ लागतमा स्थापना भएको यो उद्योगको उत्पादन उपभोक्तामा ज्यादै लोकप्रिय थियो ।

वित्तीयरुपमा यो उद्योग समेत ठुलो नोक्सानीमा छ । आर्थिक वर्ष २०७९/८० सम्म यसको सञ्चित नोक्सान १ अर्ब १५ करोड रुपैयाँ रहेको छ । त्यसपछिका दुई वर्षमा उद्योगले क्रमश: २५ करोड र १२ करोड नोक्सानी बेहोरेको थियो । यो उद्योगको प्रमुख बजार काठमाडौं, हेटौंडा, चितवन, पोखरालगायत रहेको छ ।

**हेटौंडा कपडा उद्योग**

२०३२ सालमा चीन सरकारको सहयोगमा स्थापित हेटौंडा कपडा उद्योग २०५६ सालदेखि बन्द अवस्थामा छ । त्यतिबेला उद्योगसँग ३४३ रोपनी जग्गा थियो जुन अहिले हेटौंडा औद्योगिक क्षेत्र अन्तर्गत पर्छ, जसको व्यवस्थापन औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले गर्दै आएको छ ।

केही वर्ष अघिदेखि नेपाली सेनालाई यो उद्योग सञ्चालन गर्न दिनेबारे छलफल चलेको थियो । अहिले यसलाई निजीकरणमा लैजाने भनिएको छ । यस अघिका सरकारले पटकपटक हेटौंडा कपडा उद्योग संचालन गर्ने आश्वासन बाँडेका थिए । तर, भारतीय र चिनीयाँ बजारबाट सस्तो कपडा भित्रन थालेपछि हेटौंडा कपडा उद्योगको उत्पादनले प्रतिष्पर्धा गर्न सक्ने सम्भावना थिएन ।

# बागमती प्रदेश कृषि विधेयकमै...

परिषद्को बैठक संख्या, मनोनित सदस्यको पदमुक्त हुने अवस्थाहरु, बैठक सञ्चालन विधि, परिषद्को कार्यालय, सम्पर्क मन्त्रालय, मनोनित सदस्यको सेवासुविधासमेत ऐनबाट नै निर्दिष्ट हुनुपर्ने सुझाव प्रदेशप्रमुख देवकोटाले दिएका छन् ।

'कृषि अनुदान फिल्ड कार्यालय अर्थात् जसले किसानलाइ नजिकबाट चिन्छ, उसैले वितरण गर्नुपर्छ । प्रदेश सरकार र मन्त्रालयको काम अनुदान बाँडेर बस्ने होइन, त्यसको नियमन र कृषिक्षेत्रको समग्र विकासमा योजना बनाउने हो ।' दुग्ध उत्पादक सहकारी संघका केन्द्रीय सञ्चालकसदस्य बिदुर हुमागाईं बताउँछन् । उनले अनुदान एकद्वार प्रणालीबाट वितरण हुने व्यवस्था नगरे यसले बिकराल रुप लिने दाबी गरे ।

अनुदान वितरण गर्दा भएको कमीकमजोरीविरुद्ध उजुरी गर्नुपर्ने अवस्थामा जसले अनुदान वितरण गर्छ उसैले आफ्नोविरुद्ध कारबाही गर्ने सम्भावना नरहेको हुमागाईले बताए । 'किसानलाई अनुदान दिँदा भएको त्रुटीमा जसले निर्णय गर्ने हो, उसैले आफ्नैविरुद्धको उजुरी कसरी टुंगोमा पुऱ्याउँछ ?' उनले प्रश्न गरे । कृषि विधेयक आउनु अघि २०७९ मा अध्यादेश ल्याइएको थियो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले २०७९ असोज ५ मा प्रदेश कृषि विकास अध्यादेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पठायो ।

कृषि विकास अध्यादेश, २०७९ ल्याउँदा शालिकराम जम्कट्टेल नेतृत्वको सरकारमा कृषिमन्त्री काभ्रेका बसुन्धरा हुमागाईं थिए । मंसिर २०७९ मा प्रदेश कृषि विकास अध्यादेश र पोल्ट्री विकास बोर्ड गठनसम्बन्धी अध्यादेश मन्त्रिपरिषद्बाट पास भएर निवर्तमान प्रदेशप्रमुख यादवचन्द्र शर्मासमक्ष पुगेको थियो । शर्माले पोल्ट्री विकास बोर्ड गठन सम्बन्धी अध्यादेश प्रदेशसभामा पुनर्विचारका लागि फिर्ता पठाए भने कृषि विधेयक जारी गरे । अध्यादेशको प्रतिस्थापन विधेयक नै ल्याइएको थिएन ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले अध्यादेशको ६० दिन पुग्ने अघिल्लो दिन २०७९ पुस १६ मा मात्रै सहमति दिएकाले प्रदेशसभामा पठाउन नसकिएको कृषि मन्त्रालयले जनाएको छ । अध्यादेशको ६० दिन मात्रै अवधि हुने र त्यसभित्र प्रतिस्थापन विधेयक ल्याइसक्नुपर्ने हुन्छ । प्रतिस्थापन विधेयक ल्याउने कानुन र आर्थिक मामिला मन्त्रालयको सहमतिलाई नै आधार मानेर विधेयक निर्माण गरिएको कृषि मन्त्रालयका कानुन अधिकृत राजेश तामाङ बताउँछन् । किसानलाई परिचयपत्र वितरण गर्ने उद्देश्यले ल्याइएको अध्यादेश ६० दिनभित्र कार्यान्वयनमा नगएपछि अध्यादेशलाई टेकेर कृषि मन्त्रालयले २०८० असार २५ मा विधेयकको सहमतिका लागि कानुन मन्त्रालयसँग सहमति मागेको थियो ।

त्यसको दुई महिना नबित्दै मन्त्रिपरिषदले भदौ ५ मा प्रदेशसभामा विधेयक पेश गर्ने निर्णय गऱ्यो । यसर्थ पनि विधेयकको मस्यौदा तयार गर्ने समयसीमा ज्यादै न्यून देखिन्छ । अध्यादेशलाई टेकेर बनाइएको किसान परिचयपत्र वितरण कार्यविधि २०७९ पुस ११ मा प्रदेश राजपत्रमा प्रकाशित भएर पनि कार्यान्वयनमा गएन । अध्यादेश निष्क्रिय भएकाले कार्यविधि फेल भएको मन्त्रालयका कानुनअधिकृत तामाङले जानकारी दिए । तामाङले आफू मन्त्रालयमा हाजिर भएकै समयमा अध्यादेश छिटो ल्याउन दबाब दिएकाले हतार गरेर बनाइएको बताए ।

अध्यादेश निर्माणमै हतार गरेको मन्त्रालयले अध्यादेशलाई परिमार्जन नै नगरी दीर्घकालीन असर पुऱ्याउने विधेयकमा परिणत गरेर २०८० भदौमा मन्त्रिपरिषद् पठाएको कानुन अधिकृत तामाङको स्वीकारोक्ति छ ।

# चन्दन स्विट्स होटललाई ५० हजार जरिवाना



साझाकुरा संवाददाता

हेटौंडा, ११ कात्तिक/ हेटौंडा उपमहानगरको बुद्धचोक नजिक कान्तिराजपथस्थित चन्दन स्विट्स होटललाई खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालयले ५० हजार रुपैयाँ जरिवाना गरेको छ ।

अनुगमन टोलीले लेबल विवरण नभएको घिउ बिक्रीका लागि राखेको भेटेपछि कारवाही गरेको हो । खाद्यसुरक्षाका दृष्टिकोणले लेबल नभएका उत्पादनले उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर गर्न सक्ने भन्दै खाद्यप्रविधि तथा गुण नियन्त्रण कार्यालयले जरिवाना गराउने निर्णय गरेको हो ।

आइतबारको अनुगमनमा मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाल, खाद्यप्रविधि तथा गुण नियन्त्रण कार्यालयप्रमुख काशीनाथ घिमिरे, उद्योग तथा वाणिज्य कार्यालय प्रमुख रामप्रसाद भुषाल, जिल्ला प्रहरी कार्यालयका प्रहरीउपरीक्षक विश्वराज खड्का, सशस्त्र प्रहरी बल गण नम्बर १४ का प्रहरीउपरीक्षक ज्ञानप्रसाद भुर्तेल, उद्योग वाणिज्य संघ मकवानपुरका अध्यक्ष कृष्णकुमार अग्रवाललगायतको सहभागिता थियो ।

हेटौंडाका खाद्य पसल, मिठाई पसल र मार्ट गरी ७ वटा पसलमा अनुगमन गरिएको थियो । विशेषगरी, हिमालयन स्वीट्स र हिमालयन बेकरीमा अखाद्य तेल र म्याद गुज्रिएका सामग्री भेटिएका थिए ।

हिमालयन स्विट्सबाट १ लिटर अखाद्य तेल र हिमालयन बेकरीबाट करिब २ लिटर म्याद गुज्रिएका खाद्य सामग्री जफत गरी तत्काल नष्ट गरिएको थियो । प्रजिअ चिलुवाल र खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालयप्रमुख घिमिरेले खाद्यसुरक्षामा ध्यान दिन होटललाई निर्देशन दिएका छन् ।

# हेटौंडाको ९ नम्बर वडामा टी-२० क्रिकेट सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ११ कात्तिक/ शुभदीपावलीको अवसर पारेर हेटौडा उपमहानगरपालिका-९ मा टी-२० क्रिकेट प्रतियोगिता सुरु भएको छ । आउँदो १५ गते लक्ष्मीपूजाको दिन समापन हुने गरी सञ्चालन भएको प्रतियोगिताको हेटौंडा उपमहानगर पालिका-९ का वडाअध्यक्ष सुकराम केसीले उद्घाटन गरेका हुन् ।



मानवेश्वर युवा क्लबको आयोजनामा भएको प्रतियोगिताको उद्घाटन खेलमा शान्तिटोलले बिजयी सुरुवात गरेको छ । निर्धारीत २० भोरमा १५२ रनको बिजय लक्ष्य दिएको स्थानीय धापटोललाई पाखा लगाउँदै ९ बिकेटकोक्षतीमा शान्तिटोलले बिजयी सुरुवात गरेको हो ।

स्थानीय ६ वटा टोलविकास संस्थाको सहभागिता रहेको प्रतियोगिताको बिजयीले ३० हजार रुपैयाँ नगद सहित शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्ने आयोजक मानवेश्वर क्लबका कार्यक्रम संयोजक एन्जल अधिकारीले जनकारी दिए । प्रतियोगिताको द्वितीयले नदद १५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । हेटौंडा सिमेन्ट उद्योगको मैदानमा जारी प्रतियोगिताको उद्घाटनसत्र सुशान्त थापामगरको अध्यक्षतामा भएको थियो ।

# सिस्नुपानीको देउसी-भैलो हास्यव्यंग्य कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, ११ कात्तिक/ कला, संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने हेतुले सिस्नुपानी नेपाल मकवानपुरले देउसी-भैलो विशेष हास्यव्यंग्य कार्यक्रम गरेको छ । सामाजिक विकृति, विसंगति, वर्तमान समाजको बेथितिलाई देउसी-भैलोमार्फत् व्यंग्य गरिएको हो ।

देउसीभैलो कार्यक्रममा सांस्कृतिक जगेर्नाका साथै समाजमा भएको विकृति र विसंगतिलाई व्यङ्ग्यात्मक तरिकाले प्रस्तुत गरिएको थियो । देउसी-भैलो विशेष हास्यव्यंग्य कार्यक्रमको उद्घाटन गर्दै हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले यस्तो कार्यक्रमले समाजलाई सचेत बनाउँदै सकारात्मक उर्जा थप्न मद्दत गर्ने बताइन् । उनले भौतिक पूर्वाधार मात्र नभई सामाजिक विकास पनि आवश्यक रहेको औँल्याइन् । संस्कृति, परम्परा जोगाउन गरिएका यस्ता कार्यक्रमको उनले प्रशंसा गरिन् ।

कार्यक्रममा साहित्यकार, कलाकारले प्यारोडीगान, क्यारिकेचर, प्रहसन पुराणलगायतका प्रस्तुति राखेका थिए । कलाकार कबिराज हुमागाई, सागर तिमल्सिना र अजर फुँयालको प्रस्तुतिमा दर्शकहरु नाचेका थिए । कलाकार सुमार्गी हुमागाई, सत्याग्रही गहन खतिवडा, प्रलय चौलागाईं, स्वस्तिका दाहाल र प्रभास घिमिरेले सांगीतिक प्रस्तुति दिएका थिए । सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष संप्रस पौडेलको सभाध्यक्षामा भएको कार्यक्रममा हेटौंडा-४ का वडाअध्यक्ष नबीन सिग्देल, अग्रज साहित्यकार आरसी रिजालले शुभकामना दिए ।

हेटौंडा स्कुल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेस सँगको सहकार्य तथा हेटौंडा उपमहानगरपालिकाको मुख्य प्रायोजनमा सिस्नुपानी नेपाल मकवानपुरले तिहारको शुभकामनासहित देउसी-भैलो विशेष हास्यव्यंग्य कार्यक्रम गरेको थियो । बिगत केहीवर्षदेखि हेटौंडामा सिस्नुपानी मकवानपुरले सफलता पूर्वक यस्तै देउसी भैलो कार्यक्रम आयोजना गरिरहेको छ । साहित्यकार गोबिन्द पौडेलले विद्युतीय स्कामका बारेमा ब्यङ्ग्यात्मक कविता प्रस्तुत गरेका थिए ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७


## पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि.को

## अत्यन्त जरुरी सूचना !

यस पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि मा आवद्ध हुनुभएका शेयर सदस्यहरु जो विगत ५ (पाँच)बर्ष देखि नियमित दैनिक तथा मासिक बचतमध्ये कुनैपनि बचत नगनु भै निक्रिय रुपमा रहनु भएका शेयर सदस्यहरुको लागि नियमित बचत गर्ने सम्बन्धी यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिबाट २०८१ साल पौष मसान्तभित्र हेटौंडा उपमहानगर पालिका वडा नं. २ सिद्धाथ पथमा रहेको संस्थाको आफ्नै भवनबाट संचालनमा रहेको पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालयमा कार्यालय समय भित्र उपस्थित भै उल्लेखित मितिभित्र निष्कृय शेयर सदस्यज्युहरुले KYM फारम भरी सहकारीको नियमानुसार गनु पर्ने नियमित दैनिक तथा मासिक बचत गनुहोला अन्यथा उक्त उल्लेखित समय अवधिभित्र निष्कृय रुपमा रहेको शेयर सदस्यहरुको विवरण सहित शेयर तथा बचत बापतको रकमलाई संस्थाले भुक्तानी दिनु पर्ने दायित्वमा राखी लगत कट्टा गरिने संस्थाको आठौं बार्षिक साधारण सभाबाट समेत अनुमोदन भैसकेको हुँदा निष्कृय रुपमा रहनु भएका सम्पूण शेयर सदस्यज्युहरुलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना